Accession Number 2837

नेपाल-भारतबीच सम्पन्न महाकाली सन्धि तथा
विद्युतशक्तिको व्यापारसम्बन्धी
सम्झौतालाई किन लुकाएको?

महाकाली सन्धि
र
सूचनाको हक

(सर्वोच्च अदालतमा दर्ता भएका रीट निवेदनहरुको पूर्ण पाठसहित)

संकलन तथा सम्पादन

राष्ट्रिय सरोकार समाज
पत्र मञ्जुषा नं. ८९७५, ईपीसी नं. ५१५९
सम्पर्क फोनः ४२४२६३
पुतलीसडक, काठमाडौं ।

23.44
315
053

२०५३ बैशाख १

(नयाँ वर्षको शुभ-कामनासहित)

MENT LIB
2047

नेपाल-भारतबीच सम्पन्न महाकाली सन्धि तथा
विद्युतशक्तिको व्यापारसम्बन्धी
सम्झौतालाई किन लुकाएको?

महाकाली सन्धि
र
सूचनाको हक

(सर्वोच्च अदालतमा दर्ता भएका रीट निवेदनहरुको पूर्ण पाठसहित)

संकलन तथा सम्पादन

राष्ट्रिय सरोकार समाज
पत्र मञ्जुषा नं. ८९७५, ईपीसी नं. ५१५९
सम्पर्क फोनः ४२४२६३
पुतलीसडक, काठमाडौं ।

२०५३ बैशाख १

(नयाँ वर्षको शुभ-कामनासहित)

राष्ट्रिय सरोकार समाजबारे

मिति २०५०।१२।१६ गतेका दिन काठमाडौंमा बसेको देशका स्वतन्त्र बुद्धिजीवी, पत्रकार, वकिल, समाजसेवी तथा विकास, वातावरण तथा मानव अधिकार, विश्व शान्ति र महिला स्वतन्त्रतासम्बन्धी विभिन्न संघ-संस्थाका प्रतिनिधिहरुका एक भेलाले राष्ट्रिय सरोकार समाज (National Concern Society) नामक एक साझा मञ्चको शुरुवात गरेको हो । कुनै खास राजनीतिक पार्टी वा विचारधाराबाट मुक्त रही प्रजातन्त्र, राष्ट्रिय हित, दीगो र जनमुखी विकास, सामाजिक न्याय र विकासको प्रतिफलको समुचित वितरण र मानव अधिकार तथा वातावरणीय संरक्षणका क्षेत्रमा सक्रिय कुनै पनि व्यक्ति र संस्थाहरुलाई यो समाज खुला रहेको छ ।

अनियन्त्रित आप्रवासन, असुरक्षा, बढ्दो महंगी तथा भ्रष्टाचार, तथाकथित उदार अर्थव्यवस्था तथा नीजिकरणको नाममा नेपाल र नेपालीको विदेशीकरण एवं सरकारी वित्तीय संस्थान र महत्वपूर्ण कारखानाहरु राष्ट्रलाई करोडौंको घाटामा विक्री गर्ने, कृषि उत्पादनमा व्यापक ह्रास, जलश्रोतको धनी देशमा खाने पानीको अभाव, विदेशबाट ऋण वा सहायता लिने नाममा राष्ट्रघाती पूर्वशर्तहरु स्वीकार गर्ने प्रवृत्ति तथा विदेशी ऋणको मारमा जनताको ढाड भाँच्नेजस्ता घटनाहरुले देशलाई अनिश्चितता र विनाशको बाटोतिर धकेलिरहेका छन् । बहुदलीय व्यवस्थाको स्थापना पछि निर्वाचित सरकारले यस्ता संवेदनशील पक्षहरुलाई समेटेर राष्ट्रिय सहमति खोज्ने र देश विकासको उपयुक्त नीति अवलम्बन गर्ने त कुरै छोडौं, त्यसका निमित्त आवश्यक सोचाईसम्म पनि विकास गर्न सकेका छैनन् । यिनै विषयहरुमा बलियो जनमत श्रृजना गर्न देशका चेतनशील नागरिक, कर्मठ व्यक्ति र बुद्धिजीवीहरुको एउटा साझा मंचको आवश्यकता विभिन्न क्षेत्रमा महसुस हुँदै आएको हो ।

त्यस्तै गरी, विकास र आधुनिकताका नाममा आज नेपालले राष्ट्रिय सार्वभौमिकता कमजोर पार्ने मात्र होइन, आफ्नै मौलिक

राष्ट्रिय र क्षेत्रीय संस्कृतिको विनाशलाई निम्त्याइरहेको छ। छाडा र अश्लिल विदेशी संस्कृतिका कारण बढ्दो सामाजिक विकृति र हानिकारक मनोवृत्तिहरु बढिरहेका छन्। विश्वकै निमित्त अनुपम सम्पदाको नामले चिनिएको लुम्बिनी-कपिलवस्तुमा आज नानाथरिका लूट र अतिक्रमण हुँदा पनि लुम्बिनी विकासका ठेकेदार र सरकारी पदाधिकारीहरु लुम्बिनीका नाममा कालो धन थुपार्नमै व्यस्त छन्। संसारका सबैभन्दा पवित्र मानिने बागमती र विष्णुमति नदी तथा समस्त काठमाडौं उपत्यका आज संसारकै सबैभन्दा विकृत र विभत्स भइसक्दा पनि यहाँ रोकथाम र निकासका लागि ठोस कदमहरु नचालिनु दुःखको कुरा भएको छ। मन्त्री र नगरपालिका प्रमुखहरुलाई नेपाली जनताको पेट काटेर बीसौं लाख पर्ने गाडी चढेर विदेशी रक्सीमा रत्तिन पाए पुगेकैछ। राम्ररी बोल्यो-भन्यो भने कोही सुन्दैनन्। अब यिनीहरुलाई जहाँ भेट्यो त्यहीं भर्त्सना गर्दै असल व्यक्तिहरुलाई सत्ता र शक्तिमा पुऱ्याउनु पर्ने दायित्व पनि सचेत नागरिकहरुमा बढिरहेको छ। रेडियो नेपाल र नेपाल टेलिभिजनलाई हेऱ्यो भने, यिनलाई लाजभाँडका गीत र नाङ्गा चलचित्रहरुको प्रचार गर्नै फुर्सद छैन। हाम्रा साना नानीहरु अब जन्मजात विकृत, अपराधी र छाडा हुँदैछन्। लागू औषधको प्रयोग गर्नु स्वास्थ्यको लागि हानिकारक हो भन्दै तिनै जाँडरक्सी र चुरोटको विज्ञापनमा आफूलाई बेचिरहेकाछन्। यस्तो दोचारे प्रवृत्तिसंग यिनीहरुलाई कुनै लाज छैन। हुँदाहुँदा अब कपडा दोकानमा पनि रक्सी किन्न पाइने स्थिति भएको छ। हिन्दू धर्मका पूजारी र बुद्ध दर्शनका भिक्षुहरुलाई कोठाबाट सडकमा उत्रिएर अब सबै मिलेर यस्ता विभिन्न विषयमा सशक्त आवाजहरु नउठाई नहुने भएको छ।

यस्तै गरी, सन् १९५० को नेपाल-भारत सन्धिले वैधानिकता प्रदान गरी संस्थागत गरेको खुला र अनियन्त्रित नेपाल-भारत सीमाना पनि हो। जसले गर्दा आज एकातिर नागरिकताको समस्या जटिल बनिरहेको छ तथा वास्तविक नेपाली एवं भारतीय उत्पत्तिका कतिपय नेपालीहरुले नागरिकता पाउन सकिरहेका छैनन् तथा थाम्नै नसकिने गरी जनसंख्या बढिरहेको छ। आज खुला सीमाकै कारण

लाखौलाख नेपाली चेलीबेटीहरु भारतका विभिन्न शहरमा बेचिन तथा मानवीय अस्तित्व र सतित्व गुमाएर बाँच्न बाध्य छन् । र, २१८ जना यी चेलीबेटीहरु अहिले एड्स रोग लागेको कारण बेश्यालयबाट निकालिएर बम्बईको सडकमा फ्याँकिएका छन् । यसप्रति भारत तथा नेपाल सरकार दुबै देशहरु आ-आफ्नो जिम्मेवारीबाट भाग्ने काम गरिरहेका छन् । अर्कातिर हाम्रो राष्ट्रिय सार्वभौमिकतालाई नै खलबल पार्ने किसिमका कियाकलापहरु पनि भारत सरकारबाट पटक पटक हुँदै आएका छन् । दुई वर्ष पहिले काठमाडौंको नयाँ वानेश्वरमा भारतीय सशस्त्र प्रहरीबाट भएको घटना यसको एउटा उदाहरण हो । महाकाली सन्धि र विद्युतशक्तिको व्यापारमा नेपाललाई सँधैका लागि फँसाउनु भारतको अर्को थप चालबाजी हो ।

राष्ट्रिय महत्वका सवालहरुमा जनसरोकार र दबाब कत्तिको महत्वपूर्ण हुन्छ भन्ने कुराको उदाहरण यसभन्दा पहिले इन्हुरेड इन्टरन्याशनल् तथा अरुण सरोकार समूहका गतिविधिहरुले पनि प्रष्ट पारेका छन् । यस परिप्रेक्ष्यमा देशको सार्वभौमिकता, राष्ट्रियता र देश विकासका सम्पूर्ण पक्षहरुमा सशक्त र जिम्मेवारपूर्ण ढंगले सोच्ने, विकास राजनीतिसंग प्रत्यक्ष रुपले सरोकार राख्न चाहने, सरकारले अपनाएको गलत नीति र कारवाहीको विश्लेषण गर्ने र अन्य राष्ट्रिय महत्वका र विकास राजनीतिसंग सम्बन्धित विविध विषयहरुमा वैकल्पिक दृष्टिकोण र कार्यक्रमहरु प्रस्तुत गर्ने यस समाजको मुख्य उद्देश्य रहेको छ ।

विकास र निर्माणका नाममा विदेशी राष्ट्र वा विश्व वैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष तथा एशियाली विकास वैंकजस्ता वित्तीय संस्थाहरुबाट लिइने विदेशी ऋण वा सहायताबाट नेपालमाथि परेको नकारात्मक असर एवं राष्ट्रिय स्वतन्त्रता र आत्मनिर्भरतामा आएको गम्भीर ह्रास तथा त्यस्तो विदेशी धनराशी र राष्ट्रिय सम्पत्तिमाथि नेपालभित्रै भएको लूट, भ्रष्टाचार र दुरुपयोगको समेत अध्ययन गर्दै यस समाजले विभिन्न वैकल्पिक उपायहरुबारे जनमत श्रृजना गर्ने कार्य गर्नेछ ।

उल्लेखित सबै विषयहरुमा राष्ट्रिय सरोकार समाजले विभिन्न किसिमका अभियानहरु शुरु गरेको छ । यही जेठ महिनाको पहिलो हप्तातिर नेपाल र भारतबीच आजसम्म भएका सबै सन्धि-सम्झौताहरुको व्यापक सिंहावलोकन र चिरफार गरी भविष्यमा निमित्त समान हक र हितमा आधारित सन्धिहरुको विकल्प तयार गर्ने उद्देश्यले दुई दिनको राष्ट्रिय कार्यशाला गोष्ठीको तयारी गरिरहेको छ । यी विभिन्न गतिविधिहरुमा तपाई-हामी सबै जुटौं, राष्ट्रिय सरोकार समाजको सदस्य बनौं, आ-आफ्ना जिल्ला, नगर, गाउँ र टोलहरुमा यसका शाखाहरु गठन गरौं, र सन् २००० अर्थात् एक्काइसौं शताब्दिमा प्रवेश गर्ने बेलासम्ममा कम्तिमा पनि यस देशको भविष्यको रुपरेखा सही रुपमा कोर्ने काममा लागौं भन्ने हाम्रो आग्रह छ ।

अन्त्यमा यो पुस्तिकालाई शिरदेखि पुच्छरसम्म पढेर राष्ट्रिय सरोकार समाजसंग सम्पर्क तथा पत्राचार गर्न पूनः आग्रह गर्दछौं ।

धन्यवाद ।

rliament Secretariat Library
Accession Number 2256 E



विषय सूची

खण्ड–१: सूचनाको हकसम्बन्धी अधिकारका श्रोतहरु १–१३

१. नेपाल अधिराज्यको संविधान २०४७ को धारा १६ मा भएको सूचनाको हकसम्बन्धी व्यवस्था १

२. सूचनाको हकको महत्वबारे संविधानका मस्यौदाकारहरुले गरेको व्याख्यात्मक टिप्पणी १

३. नेपालले अनुमोदन गरेको नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९ ले गरेको व्यवस्था ३

४. सूचनाको हक लगायत अन्य मौलिक हकका विषयमा सर्बोच्च अदालतमा श्री ५ को सरकार विरुद्ध मुद्दा हाल्न पाइने सम्बन्धमा संविधानको धारा ८८ मा भएको व्यवस्था ३

५. सूचनाको हक कसरी माग्ने र कसरी पाउने भन्ने विषयमा सम्मानित सर्बोच्च अदालतबाट गोपाल सिवाकोटी समेत विरुद्ध श्री ५ को सरकार, अर्थ मन्त्रालय समेत भएको अरुण–३ सम्बन्धी मुद्दामा विभिन्न नजिरहरु स्थापना गरी तोकिएका कार्यविधिहरु ४

६. सूचनाको हक अन्तर्गत दिइने निवेदनको नमूना ९

खण्ड-२: महाकाली सन्धि, विद्युत व्यापार सम्झौता र सूचनाको हकसम्बन्धी मुद्दा १३-४९

१. महाकाली सन्धि तथा विद्युत व्यापार सम्झौता विरुद्ध मुद्दा दर्ता भएपछि जारी गरिएको पहिलो प्रेस विज्ञप्ति १३

२. महाकाली सन्धिबारे दर्ता गरिएको रीट निवेदनको पूर्ण पाठ १६

३. विद्युतशक्तिको व्यापारसम्बन्धीबारे दर्ता गरिएको रीट निवेदनको पूर्ण पाठ ३६

खण्ड-३: मौलिक हक, राज्यका निर्देशक नीति तथा सिद्धान्तहरु तथा संसदबाट सन्धि-सम्झौताहरुको अनुमोदन सम्बन्धी भएका संवैधानिक एवं कानूनी व्यवस्थाहरु ५०-६५

१. नेपालको संविधान २०४७ को भाग ३ मा धारा ११ देखि २३ सम्म भएका मौलिक हकसम्बन्धी व्यवस्थाहरु ५०

२. नेपालको संविधान २०४७ को भाग ४ को धारा २४ देखि २६ सम्म उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु ५५

३. नेपालको संविधान २०४७ को भाग २० को धारा १२६ मा भएको खास किसिमका सन्धि-सम्झौताहरुलाई संसदबाट अनुमोदन गर्नुपर्नेसम्बन्धी व्यवस्था ५९

४. नेपाल सन्धि ऐन, २०४७ मा भएका व्यवस्थाहरु ६०

५. नेपालले अनुमोदन वा सम्मिलन गरेका मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय सन्धि-सम्झौताहरुको सूची ६४

खण्ड-१

सूचनाको हकसम्बन्धी अधिकारका श्रोतहरु

१. नेपाल अधिराज्यको संविधान २०४७ को धारा १६ मा भएको सूचनाको हकसम्बन्धी व्यवस्था

"१६. सूचनाको हकः प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ ।

तर यस धारामा लेखिएको कुनै कुराले कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन ।"

२. सूचनाको हकको महत्वबारे संविधानका मस्यौदाकारहरुले गरेको व्याख्यात्मक टिप्पणी

"प्रजातान्त्रिक समाजको प्रमुख विशेषता यसको खुलापन हो । खुला समाजमा एकातिर आफुले देखेका र सोचेका कुराहरुलाई अभिव्यक्त गर्ने स्वतन्त्रताको प्रत्याभूति गरिएको हुन्छ भने अर्कोतिर समाजको सदस्य भएकको नाताले सार्वजनिक क्षेत्रमा भए-गरेका महत्वपूर्ण कुराहरु थाहा पाउने अधिकारको आवश्यक व्यवस्था पनि गरिएको हुन्छ । देशको शासन प्रबन्ध स्वच्छ र सही दिशामा निर्दिष्ट छ वा छैन भन्ने कुराको निरन्तर सुपरिवेक्षण र मूल्याङ्कनका लागि जनताले जानकारी पाउनु अत्यावश्यक हुने हुँदा धेरै सुझावदाताहरुको मागलाई समेत ध्यानमा राखी प्रस्तुत संविधानमा सूचनाको हक

समावेश गरिएको छ । यस अधिको संविधानमा वाक् तथा प्रकाशनको स्वतन्त्रता (धारा ११ को (क)) सम्मको व्यवस्था भएकोमा सो अन्तर्गत अरुबाट सूचना पाउने हकको प्रकट प्रत्याभूति भएको मान्न सकिने स्थिति थिएन । यस व्यवस्था अनुसार सूचनाको अधिकार नागरिकलाई मात्रै उपलब्ध हुनेछ र यस अन्तर्गत एकातिर सार्वजनिक महत्वको कुनै पनि विषयमा नागरिकलाई सूचना माग्ने र सूचना पाउने हक प्राप्त हुनेछ जसको फलस्वरुप अर्का पक्षमा मागेको सूचना दिने दायित्वको पनि सिर्जना हुन जानेछ । यसरी आफूले सूचना माग्ने र अरुबाट सूचना पाउने अधिकारबाट नागरिकको सूचना सम्बन्धी अधिकारको विस्तार हुन गएको छ । यस व्यवस्थाले संचारका माध्यमहरुमा पनि अनुकूल प्रभाव पार्ने छ भन्ने विश्वास गर्न सकिन्छ ।

सूचना सम्बन्धी अधिकारको कुरा गर्दा दुईवटा कुरामा ध्यान दिनु पर्ने हुन्छः एउटा हो - प्रजातान्त्रिक पद्धतिको कार्यान्वयनका लागि यथाशक्य सूचनाहरुको खुला प्रवाह सुनिश्चित गर्नु र अर्को हो - व्यक्तिको निजी गोप्यताको संरक्षणका साथसाथै राष्ट्रिय सुरक्षा एवं हितका लागि सरकारी गोप्यताको रक्षा गर्नु । यस्तो व्यक्तिगत हक र राष्ट्रिय सुरक्षा एवं हितको सन्तुलन बेगर सूचना सम्बन्धी असीमित अधिकारको व्यवस्था कुनै पनि समाजमा भएको छैन र यसमा नेपालको स्थिति पनि अपवाद हुन सकैन । त्यसैले कानूनले नै गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन भने कर नलाग्ने व्यवस्था पनि धारा १६ मा गरिएको छ । उक्त व्यवस्थाबाट कानूनले संरक्षण गरेको गोप्यता बाहेक अन्य कुराहरु खुला रहने र नागरिकले त्यस्तो सार्वजनिक महत्वको सूचना बाहेक अन्य कुराहरु खुला रहने र नागरिकले त्यस्तो सार्वजनिक महत्वको सूचना हकस्वरुप प्राप्त गर्न सक्ने सिद्धान्त अँगालिएको पनि स्पष्ट छ ।" *श्रोतः नेपाल अधिराज्यको संविधान (मस्यौदा र व्याख्यात्मक टिप्पणी), संविधान सुझाव आयोग, २०४७, पृष्ठ ११-१२) ।*

३. नेपालले अनुमोदन गरेको नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९ ले गरेको व्यवस्था

१. प्रत्येक व्यक्तिको हस्तक्षेपबिना राय बनाउने अधिकार हुनेछ ।
२. प्रत्येक व्यक्तिलाई अभिव्यक्तिको स्वतन्त्रता हुनेछ । सीमाको बन्देजबिना मौखिक, लिखित अथवा मुद्रित, कलात्मक रुपमा अथवा आफ्नो इच्छा अनुरुप अन्य कुनै माध्यम मार्फत सम्पूर्ण प्रकारका सूचना तथा विचार खोज्ने, प्राप्त गर्ने तथा दिने स्वतन्त्रता यसमा समावेश हुनेछन् ।
३. यस धाराको प्रकरण २ मा व्यवस्था गरेका अधिकारको उपभोगमा विशेष कर्तव्य तथा दायित्व पर्दछ । त्यसैले यसमा केही नियन्त्रण हुन सक्नेछन् तर ती नियन्त्रण कानूनले व्यवस्था गरेका तथा निम्न कुराका लागि आवश्यक भएमात्र हुनेछन्:

(क) अरुको अधिकार तथा प्रतिष्ठानको सम्मानका लागि ।

(ख) राष्ट्रिय सुरक्षा, सार्वजनिक व्यवस्था वा सार्वजनिक स्वास्थ्य वा नैतिक सुरक्षाका लागि ।

४. सूचनाको हक लगायत अन्य मौलिक हकका विषयमा सर्बोच्च अदालतमा श्री ५ को सरकार विरुद्ध मुद्दा हाल्न पाइने सम्बन्धमा संविधानको धारा ८८ मा भएको व्यवस्था

"८८. <u>सर्वोच्च अदालतको अधिकार क्षेत्र</u>: (१) यस संविधानद्वारा प्रदत्त मौलिक हकउपर अनुचित बन्देज लगाइएकोले वा अन्य कुनै कारणले कुनै कानून यो संविधानसँग बाझिएको हुँदा सो कानून वा त्यसको कुनै भाग बदर घोषित गरी पाउँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्नेछ र सो अनुसार कुनै कानून संविधानसित बाझिएको देखिएमा सो कानूनलाई

प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ ।

(२) यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ । सो प्रयोजनको लागि पूर्ण रुपमा न्याय गरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्नेछ ।"

५. सूचनाको हक कसरी माग्ने र कसरी पाउने भन्ने विषयमा सम्मानित सर्वोच्च अदालतबाट गोपाल सिवाकोटी समेत विरुद्ध श्री ५ को सरकार, अर्थ मन्त्रालय समेत भएको अरुण-३ सम्बन्धी मुद्दा (हेर्नुहोस्, नेपाल कानून पत्रिका, भाग ३६, २०५१ श्रावण, अंक ४) मा विभिन्न नजिरहरु स्थापना गरी तोकिएका कार्यविधिहरु

"१) निवेदकले विपक्षीबाट सम्बन्धित विषयमा के कुन लिखतहरु छन् त्यसको सूची (फेरिस्त) माग्ने,

२) विपक्षीले ७ दिन भित्र सो सूची दिएमा निवेदकले सरोकार भएको लिखतको निरीक्षणको माग गर्नु पर्ने ।

३) प्रकरण नं. २ बमोजिम माग भएमा विपक्षीले सो प्रयोजनको लागि समय मिति र स्थान तोकी निवेदकलाई ३ दिनभित्र सूचना दिने ।

४) निरीक्षण गरी सकेपछि लिखतबाट टिपोट मात्र गर्ने र नक्कल सार्न आवश्यक भएमा सो सार्ने वा नक्कलको लागि तोकिएको पदाधिकारीलाई अनुरोध गर्ने ।

५) नक्कल दिंदा नियमको अभाव भए लागेको यथार्थ खर्च दस्तुरको रुपमा लिएर नक्कल प्रमाणित गरेर दिने ।

६) सम्बन्धित लिखतको आंशिक वा पूर्ण रुपमा सूची दिन वा निरीक्षण गर्न दिन र नक्कल दिन इन्कार गर्ने अवस्था भएमा विपक्षीले सो को कारण जनाई निवेदकलाई ३ दिन भित्र जानकारी दिने ।

७) प्रकरण नं. ५ को अवस्थामा निवेदकलाई इन्कारी गरेको कुरामा वा इन्कार गरेको कारणसंग चित्त नबुझेमा इन्कारीको सूचना पाएको ७ दिन भित्र विवादको निरुपणको लागि सर्वोच्च अदालतमा उजुर गर्ने ।

८) उजुरीमा कारवाही गर्दाको कार्यविधि सर्वोच्च अदालतको नियमावली बमोजिम गर्ने गराउने ।"

यस मुद्दामा सर्वोच्च अदालतबाट स्थापना गरिएका नजिरहरु यस प्रकार छन्:

१. "सार्बजनिक हक वा सरोकारको विवादको अर्थ गर्दा यसलाई खास ब्यक्ति वा ब्यक्तिहरुको ब्यक्तिगत हक वा सरोकारसंग सम्पर्क गराउने गरी अर्थ गर्न मिल्दैन । यसको सम्बन्ध सर्ब साधारण जनता वा कुनै जनसमुदायको सामूहिक हक वा सरोकारसंग रहन्छ । कुनै बिबाद सार्बजनिक हक वा सरोकारको बिबाद हो होइन यसको निक्यौंल बिबादको बिषय कुनै खास ब्यक्ति वा ब्यक्तिहरुको ब्यक्तिगत हक वा सरोकारसंग सम्बद्ध छ भने त्यस्तो बिबादलाई सार्वजनिक हक वा सरोकारको विवाद भन्न मिल्ने अवस्था रहदैन । जनसाधारणको सामूहिक हक वा सरोकारमा ब्यक्ति विशेषको स्वार्थ वा सरोकार सन्निहित रहन सक्दछ । सार्वजनिक हक वा सरोकारको विवादमा रिट निवेदन दिने व्यक्तिको सो विवादसँग निजी मुद्दा जस्तो हक वा सरोकार गाँसिनु नै पर्ने आवश्यक छैन । श्री ५

को सरकार वा अन्य कुनै सार्वजनिक निकाय वा पदाधिकारीले कानून वा संविधान बमोजिम गर्नु पर्ने कुनै काम गरेन वा गर्न नहुने कुनै काम गऱ्यो र परिणामतः कुनै ब्यक्ति वा ब्यक्तिहरुलाई कानूनको दृष्टिमा कुनै ब्यक्तिगत क्षति पुगेको छैन, तर जनसाधारणको सामान्य हित वा स्वार्थमा प्रतिकूल प्रभाब परेको छ भने त्यो सार्वजनिक हक वा सरोकारको कुरा हुने ।" (प्र. नं. २५)

२. " देशको सुरक्षा, शासन ब्यवस्था, शिक्षा, स्वास्थ्य, नैतिकता देशको आर्थिक अवस्था जलश्रोतको बिकास संविधानमा राज्य नीतिका निर्देशक सिद्धान्तको रुपमा बयवस्थित सामाजिक नयायका कुरा आदि जनसाधारणको सरोकारको बिषय हुन्छ । यस्ता बिषयको विवाद कानून वा संविधानमा आधारित छ भने यसलाई सार्बजनिक सरोकारको विवादको रुपमा अदालतले संविधानको धारा ८८(२) अन्तरगत बिचार गर्नु पर्ने ।" (प्र. नं. २५)

३. "अरुण-३ परियोजना बिद्युत विकास सम्बन्धी परियोजना भएको र राष्ट्रिय र अन्तरराष्ट्रिय श्रोत साधनबाट बिद्युत बिकासको उद्देश्य रहेकोले यस सम्बन्धमा यसका पक्ष बिपक्षमा प्रकाशित बिभिन्न लेखहरुबाट अभिमत ब्यक्त भई रहेको मिसिल संलग्न प्रकाशित सामग्रीहरुबाट लेखिएकोले अरुण-३ परियोजना सार्बजनिक हक वा सरोकारको बिषय होइन भन्न मिल्ने अवस्था नदेखिने ।" (प्र. नं. २५)

४. "निरुपण हुनु पर्ने विवादमा सार्बजनिक सरोकारको विषय समावेश भएको छ भनी भन्दैमा सार्बजनिक बिवादको रुपमा संविधानको धारा ८८(२) अन्तर्गत स्वीकार्य हुन सक्दैन । त्यस्तो बिबाद कानून र संविधानमा आधारित हुनु पर्दछ र अदालतबाट निरुपण हुनु पर्ने प्रकृतिको हुनु पर्ने ।" (प्र. नं. २६)

५. "सार्वजनिक हक वा सरोकारको विवाद को नाममा निहित स्वार्थ, सस्तो लोकप्रियता, बौद्धिक उत्सुकता, जिज्ञासा र चासो

अफवाह फैलाउने वा आफ्नो बिज्ञापन गराउने उद्देश्यले कुनै पक्ष संविधानको धारा ८८(२) को सहारा लिई अदालतमा प्रवेश गर्दछ भने अदालत यस सम्बन्धमा उदासिन रहन्छ । यस्ता बिबाद यथार्थमा आधारित छैन, अनुमानको आधारमा अदालत प्रबेश गरेको छ र विवादित कार्यले सर्बसाधारणको हकहितलाई प्रत्यक्ष रुपमा प्रभाव पारेको कुरा स्थापित गर्न सकेको छैन भने त्यस्ता बिवाद सार्बजनिक हितसंग सम्बन्धित बिवाद भनी अदालतले न्यायिक निरुपणका लागि संविधानको धारा ८८(२) अन्तरगत अधिकार क्षेत्र ग्रहण गर्नु उपयुक्त नहुने ।" (प्र. नं. २६)

६. "सार्बजनिक हकहित सरोकारका विवादका विषय यो यति हो भनी बिचार गर्न सकिने बिषय होइन । प्रत्येक सार्वजनिक सरोकारको विबाद न्यायिक निरुपणको विषय हुन सक्दैन, त्यस्तो सार्बजनिक सरोकारको बिवादवाट कानून र संविधानको ब्याख्याको प्रश्न निरुपण गर्नु पर्ने बिषय समाबेश भएको छ भने संविधानको धारा ८८(२) अन्तरगत सर्वोच्च अदालतले असाधारण अधिकार क्षेत्र ग्रहण गर्न सक्ने ।" (प्र. नं. २६)

७. "विचार र अभिव्यक्तिको स्वतन्त्रताको पृष्ठपोषकको रुपमा संविधानको धारा १६ अनुसार प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक रहेको देखिन्छ । अरुण तेश्रो परियोजना सार्वजनिक महत्वको योजना हो भन्नेमा बिबाद नरहेको अबस्थमाा संविधानको धारा ८८(२) अन्तरगत परेको प्रस्तुत निवेदनमा उठाइएका प्रश्न सार्बजनिक सरोकारको विबादको प्रश्न होइन भनी भन्न सकिने अवस्था नदेखिने ।" (प्र. नं. २७)

८. अदालतले कानून वा संबिधानमा आधारित बिवादको मात्र निक्यौंल गर्दछ । सार्वजनिक सरोकारको सवै विवादको अदालतले न्यायिक निरुपण गर्ने गर्दैन ।" (प्र. नं. २९)

९. "निवेदकले असाधारण अधिकार क्षेत्र अन्तरगत उपचारको माग गर्दा स्पष्ट रुपमा उल्लेख गर्नु पर्दछ र अदालतलाई विश्वस्त तुल्याउनु पर्दछ । निवेदकको दावी सामान्य र अस्पष्ट छ । निवेदकले रिट निवेदनमा माग गरेको मागको प्रकृति न्यायिक निरुपण सम्बन्धी नभई सरसर्ति हेर्दापनि अर्थशास्त्री र राजनैतिक क्षेत्रसंग सम्बध्द देखिछ । यस्ता अर्थशास्त्रीय र राजनैतिक क्षेत्र संग सम्बन्धित सार्बजनिक बिबादका बिषयमा संविधानको धारा ८८(२) आकर्षित नहुने ।" (प्र. नं. २९)

१०. "जनताको सुसूचित हुने अधिकारले अड्डाहरुमा रहेका लिखतहरु प्रायः सार्बजनिक रुपमा नआउने हुनाले नै प्रजातान्त्रिक पध्दति अनुरुप धारा १६ को आवश्यकता भएको हो । संविधानको धारा १६ को टिप्पणीमा "प्रजातान्त्रिक समाजको प्रमुख विशेषता खुलापन हो भन्दै देशको शासन प्रबन्ध स्वच्छ र सही दिशामा निर्दिष्ट छ वा छैन भन्ने कुराको निरन्तर सुपरीवेक्षण र मूल्यांकनको लागि जनताले जानकारी पाउनु अत्यावश्यक हुने" भन्ने उल्लेख छ । यसरी निवेदकको सूचना पाउने हक स्थापित छ भने के कति र कुन प्रक्रियाबाट पाउने भन्ने स्पष्ट व्यवस्थाको अभावमा कार्यान्वयन पक्षमा अदालतले कानूनी व्यवस्थाको अभाव छ भने सो को (Gap) पूर्ति गर्नु पर्ने हुन्छ, किनभने उपचार बिनाको अधिकार निष्कृय र निरर्थक हुन जान्छ । हक अधिकारलाई यथार्थ र क्रियाशील बनाई जीवन्त रुप दिनलाई उपचारको व्यवस्था अनिवार्य हुन्छ ...।" (प्र. नं. ३९) *(श्रोतः नेपाल कानून पत्रिका, भाग ३६, २०५१ श्रावण, अंक ४, पृष्ठ २५५)*

सर्वोच्च अदालतबाट भएको यस फैसलाका आधारमा अबदेखि उता जसले पनि यो कार्यविधि अपनाएर कुनै सरकारी कार्यालय वा काम-कारवाहीसंग सम्बन्धित कुनै पनि सूचना तथा कागजपत्रहरु माग गर्न सकिन्छ । कसैले बिना कानून र बिना कारण त्यस्तो सूचना वा

कागजपत्र नदिएमा उक्त कार्यालय र सम्बन्धित पदाधिकारीका विरुद्ध सर्वोच्च अदालतमा मुद्दा हाल्नु पर्दछ । तर यहाँ ज्यादै ध्यान दिनु पर्ने कुरा के छ भने कुनै सूचना कुनै व्यक्ति वा संस्थाले मागे पनि मुद्दाचाहिं व्यक्तिका तर्फबाटमात्र हाल्नु पर्दछ । नत्रभने त्यस्तो मुद्दा खारेज हुन सक्छ । किनकि सूचनाको हक संविधानको धारा १६ अनुसार नेपाली नागरिक (व्यक्ति) लाई मात्र छ, संस्थालाई होइन । तर कुनै संस्थाले व्यक्तिसरह सूचना पाउने कि नपाउने भन्ने विषयमा सर्वोच्च अदालतबाट कुनै दिन आवश्यक व्याख्या होला भन्ने आशा गर्न सकिन्छ । अरु देशमा हेर्ने हो भने यसरी सूचना माग्ने, पाउने र मुद्दा हाल्ने अधिकार र हकदैया संस्थालाई पनि हुन्छ । तर सूचनाको हकमा जनअभियान नचलाउने हो र आवश्यक परेमा मुद्दाको बाढी थ्रुजना नगर्ने हो भने यस देशमा सूचनाको हक र पारदर्शिताको केही अर्थ हुने छैन ।

६. सूचनाको हक अन्तर्गत दिइने निवेदनको नमूना

(निवेदक वा सूचना माग गर्ने संस्थाको नाम र ठेगाना)

फागुन १६, २०५२

श्रीमान सचिवज्यू
जलश्रोत मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

विषय: महाकाली नदीको एकिकृत विकाससम्बन्धी सम्झौतासंग सम्बन्धित सूचना तथा कागजपत्रहरु उपलब्ध गराई पाउँ ।

महोदय,

उपर्युक्त सम्बन्धमा यस प्रतिष्ठानले महाकाली नदीको एकिकृत विकाससम्बन्धमा सम्माननीय प्रधानमन्त्री श्री शेर बहादुर देउवाको हालैको भारत भ्रमणका अवसरमा श्री ५ को सरकार तथा भारत

सरकारका बीच सम्पन्न समझदारी, सन्धी, सम्झौता तथा कुनै पत्राचार आदिसंग सम्बन्धित सम्पूर्ण सूचना तथा कागजपत्रहरु १।१ प्रति उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु ।

उक्त महाकाली नदीको एकिकृत विकाससंग सम्बन्धित सूचना तथा कागजपत्रहरु नेपालको संविधानको धारा १६ तथा सूचनाको हकका विषयमा सम्मानित सर्वोच्च अदालतबाट विभिन्न मितिमा भएका नजीरहरु समेतका आधारमा सार्वजनिक महत्वका हुनाले र यस प्रतिष्ठानले उक्त एकिकृत विकास योजनाबाट नेपाल र नेपाली जनताका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक, राजनीतिक, वातावरणीय, विकास तथा अन्य हक र अधिकारमाथि पर्न सक्ने सकारात्मक एवं नकारात्मक असरहरुका बारेमा विस्तृत अध्ययन गरी श्री ५ को सरकार तथा भारत सरकारसमक्ष आवश्यक सुझावहरु सहितको एक प्रतिवेदन समेत पेश गर्ने समेत निर्णय गरेकाले उक्त विषयका सम्पूर्ण सूचना तथा कागजपत्रहरुको आवश्यकता परेको तथ्यसमेत जानकारी गराउन चाहन्छु ।

निवेदक

नाम .....

पद .....

वोधार्थ:
श्री ५ को सरकार, मन्त्रिपरिषद्को सचिवालय
श्री ५ को सरकार, परराष्ट्र मन्त्रालय

सात दिनभित्र सूचना तथा कुनै खबर नपाएपछि ताकिता गरेर लेखिएको दोश्रो निवेदनको नमूना

(निवेदक वा सूचना माग गर्ने संस्थाको नाम र ठेगाना)

चैत ११, २०५२

श्रीमान सचिवज्यू
जलश्रोत मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

विषयः महाकाली नदीको एकिकृत विकास तथा नेपाल र भारत सरकारबीच विद्युत शक्ति व्यापारसम्बन्धी सम्झौताहरुसंग सम्बन्धित सूचना तथा कागजपत्रहरु उपलब्ध गराई पाउँ ।

महोदय,

उपर्युक्त सम्बन्धमा यस प्रतिष्ठानले महाकाली नदीको एकिकृत विकाससम्बन्धमा सम्माननीय प्रधानमन्त्री श्री शेर बहादुर देउबाको हालैको भारत भ्रमणका अवसरमा श्री ५ को सरकार तथा भारत सरकारका बीच सम्पन्न समझदारी, सन्धी, सम्झौता तथा कुनै पत्राचार आदिसंग सम्बन्धित सम्पूर्ण सूचना तथा कागजपत्रहरु १।१ प्रति उपलब्ध गराइदिनु हुन फागुन १६, २०५२ मा लिखित निवेदन पेश गरेको थियो । तर आजका मितिसम्म कुनै जानकारी तथा सूचना र कागजपत्रहरु प्राप्त गर्न नसकेकोले पूनः यो निवेदन पेश गरिएको छ ।

उक्त महाकाली नदीको एकिकृत विकास तथा श्री ५ को सरकार र भारत सरकारबीच विद्युत शक्ति व्यापारसम्बन्धी सम्झौताहरुसंग सम्बन्धित सूचना तथा कागजपत्रहरु नेपालको संविधानको धारा १६ तथा सूचनाको हकका विषयमा सम्मानित सर्बोच्च अदालतबाट विभिन्न मितिमा भएका नजीरहरु समेतका आधारमा सार्वजनिक महत्वका हुनाले र यस प्रतिष्ठानले उक्त एकिकृत विकास योजनाबाट नेपाल र नेपाली जनताका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक, राजनीतिक, वातावरणीय, विकास तथा अन्य हक र अधिकारमाथि पर्न सक्ने सकारात्मक एवं नकारात्मक असरहरुका बारेमा विस्तृत अध्ययन गरी श्री ५ को

सरकार तथा भारत सरकारसमक्ष आवश्यक सुझावहरु सहितको एक प्रतिवेदन समेत पेश गर्ने समेत निर्णय गरेकाले उक्त विषयका सम्पूर्ण सूचना तथा कागजपत्रहरुको आवश्यकता परेको तथ्यसमेत जानकारी गराउन चाहन्छु ।

स्मरण रहोस् कि गोपाल सिवाकोटी विरुद्ध जलश्रोत मन्त्रालय समेत भएको रिट नं. ३०४९ को मुद्दामा सम्मानित सर्वोच्च अदालतले मिति २०५१।१।२५ गते गरेको निर्णयमा स्थापित कानूनी सिद्धान्त (नजीर) अनुसार निवेदकले ७ दिनभित्र कम्तीमा पनि माग गरिएको सूचनासंग सम्बन्धित विषयका सूचना र कागजपत्रहरुको सम्पूर्ण सूची निवेदनकलाई उपलब्ध गराउनै पर्ने र क्रमशः त्यस्ता सूचना तथा कागजपत्र प्राप्त गर्ने कार्यमा चित्त नबुझेमा इन्कारीको मितिले ७ दिनभित्र सर्वोच्च अदालतसमक्ष सूचनाको हक प्रचलन गराई पाउन उजुर गर्न सक्ने समेत व्यवस्था गरेको छ ।

धन्यवाद ।

निवेदक

नाम .....

पद .....

बोधार्थः

श्री ५ को सरकार, मन्त्रिपरिषद्को सचिवालय

श्री ५ को सरकार, परराष्ट्र मन्त्रालय

खण्ड-२

महाकाली सन्धि, विद्युत व्यापार सम्झौता र सूचनाको हकसम्बन्धी मुद्दा

१. महाकाली सन्धि तथा विद्युत व्यापार सम्झौता विरुद्ध मुद्दा दर्ता भएपछि जारी गरिएको पहिलो प्रेस विज्ञप्ति

INHURED INTERNATIONAL
International Institute for Human Rights, Environment and Development
अन्तर्राष्ट्रिय मानव अधिकार, वातावरण तथा विकास प्रतिष्ठान (इन्हुरेड इन्टरन्याश्नल)
P.O. Box 2125, Kathmandu, Nepal
Tel: (0977-1) 520054, 419610 • Fax: (0977-1) 419610, 226820

प्रेस विज्ञप्ति

नेपाल-भारतबीच सम्पन्न महाकाली सन्धि तथा विद्युत व्यापार सम्झौता विरुद्ध सर्वोच्च अदालतमा मुद्दा

चैत २८, २०५२ (अप्रिल १०, १९९६) काठमाडौं ।

सम्माननीय प्रधानमन्त्री श्री शेर वहादुर देउवाको भारत भ्रमणताका मिति २०५२ माघ १५ (जनवरी २९, १९९६) का दिन सम्पन्न शारदा बाँध, टनकपुर बाँध तथा पञ्चेश्वर परियोजना समेत महाकाली नदीको एकिकृत विकास (महाकाली सन्धि) तथा सोही अवसरमा सम्पन्न विद्युतशक्तिको व्यापारसम्बन्धी सम्झौताका विरुद्ध

सूचनाको हकको विषयलाई आज सर्वोच्च अदालतमा छुट्टाछुट्टै दुईवटा रीट निवेदनहरु दर्ता भए । उक्त रीट निवेदनहरु दर्ता गर्नेमा इन्हुरेड इन्टरन्याश्नल्का कार्यकारी निर्देशक तथा अधिवक्ता गोपाल सिवाकोटी चिन्तन, अधिवक्ता चन्द्रमणि अधिकारी तथा पत्रकार राधेश्याम लेकाली हुनुहुन्छ । यी दुबै रीट निवेदनहरुमा सम्माननीय प्रधानमन्त्री श्री शेरवहादुर देउवा, मन्त्रिपरिषद् सचिवालय, पररा्ष्ट्र मन्त्रालय र जलश्रोत मन्त्रालयलाई विपक्षी बनाइएको छ ।

महाकाली सन्धि के कसरी नेपालका लागि हितकर छ वा छैन तथा नेपालले टनकपुर लिने नाममा महाकालीमा के के गुमाएको छ भन्नेबारे प्रशस्त चर्चा-परिचर्चाहरु भइरहेका छन् । विद्युतशक्तिको व्यापारसम्बन्धी सम्झौताका सम्बन्धमा थाहा भए अनुसार यो सम्झौता १० वर्षका लागि हुनेछ र यसमा नेपालबाट भारतमा निर्यातका लागि जम्मा ५००० मेगावाटसम्म र भारतबाट नेपालमा निर्यातका लागि जम्मा २५० मेगावाटसम्म हुने प्रावधान राखिएको छ । अर्थात् नेपालको जलश्रोत तथा विद्युत विकासका क्षेत्रमा भारतीय अतिक्रमणलाई वैधता प्रदान गरिएको छ ।

निवेदकहरुका तर्फबाट विभिन्न मितिमा श्री ५ को सरकारसमक्ष संविधानको धारा १६ तथा यस अघि सर्वोच्च अदालतबाट भएका विभिन्न फैसलाका आधारमा महाकाली सन्धि र विद्युत व्यापार सम्झौता तथा सम्बन्धित कागजपत्रहरु माग गर्दा मिति २०५२।११।२४ मा मन्त्रिपरिषद् सचिवालयले जलश्रोत मन्त्रालय तथा पररा्ष्ट्र मन्त्रालयलाई एक पत्र लेखी उक्त सूचना तथा कागजपत्रहरु उपलव्ध गराउने सम्बन्धमा "त्यहींबाट आवश्यक कार्वाही हुन निर्देशानुसार अनुरोध" गरिएको छ भनी जवाफ दिएको थियो । त्यस्तै गरी, जलश्रोत मन्त्रालयले मिति २०५२।१२।२२ मा इन्हुरेड इन्टरन्याश्नल्लाई एक पत्र लेखी "सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणका अवसरमा महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धिमा हस्ताक्षर सम्पन्न भएको र विद्युत शक्तिको व्यापार सम्बन्धी

सम्झौतामा सचिवस्तरमा Initial भएको हुंदा विद्युत शक्तिको व्यपार सम्बन्धी सम्झौतामा भने हस्ताक्षर हुन बांकी नै रहेको अवस्था छ" भन्ने जानकारी दिंदै "प्रचलित नेपाल सन्धि ऐन, २०४७ को दफा १२ बमोजिम संसदबाट अनुमोदन भएपछि सम्बन्धित सन्धिहरु सार्वजनिक जानकारीको लागि नेपाल राजपत्रमा प्रकाशित गर्नुपर्ने अनिवार्य व्यवस्था भएको पृष्ठभूमिमा सो बमोजिम राजपत्रमा प्रकाशन हुने नै हुंदा अवगत गर्न हुन अनुरोध छ" भन्ने जवाफ दिएको थियो । तर परराष्ट्र मन्त्रालयले आजसम्म कुनै पत्र लेख्ने वा सूचना दिने वा नदिनेसम्बन्धमा कुनै कारवाही चलाउने कार्य गरेन ।

रीट निवेदनमा संविधानको धारा १६, सर्वोच्च अदालतका नजीर तथा नेपालले अनुमोदन गरेको संयुक्त राष्ट्र संघीय नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९ अनुसार यी दुवै सन्धि-सम्झौताहरु संसदमा अनुमोदनका लागि पेश हुनुभन्दा पहिले नै सार्वजनिक गर्न तथा संसदबाट अनुमोदनको प्रक्रिया पुरा नभएसम्म यी सन्धि-सम्झौताहरुलाई कार्यान्वयन गर्ने सम्बन्धमा कुनै पनि कारवाहीहरु नगर्न नगराउन विपक्षीहरुका नाममा अन्तरिम आदेशको समेत माग गरिएको छ । मुद्दाको पहिलो पेशी यही वैशाख ५ गतेलाई तोकिएको छ ।

स्मरण रहोस्, केही हप्ता अघिमात्र इन्फुरेड इन्टरनेशनल तथा राष्ट्रिय सरोकार समाजले महाकाली सन्धिबारे एक अन्तरक्रिया कार्यक्रम गरी सम्पूर्ण सूचनाहरु सार्वजनिक गर्ने माँ ५ को सरकारलाई दबाब दिने तथा आर्थिक, सामाजिक, वातावरणीय तथा राष्ट्रिय हितका दृष्टिले अरुण-३ को तुलनामा कैयौं गुणा बढी विनाशकारी हुन सक्ने पञ्चेश्वर बहुद्देश्यीय योजनाका विरुद्ध अभियान चलाउने निर्णय गर्दै अझ पनि सस्ता र भरपर्दो विद्युत तथा सिंचाई आयोजनाहरुलाई नेपालले प्राथमिकता दिनु पर्ने कुरामा जोड दिएका थिए ।

२. महाकाली सन्धिबारे दर्ता गरिएको रीट निवेदनको पूर्ण पाठ

रीट नं. ३०५१
२०५२।१२।२८।४

श्री सर्वोच्च अदालतमा चढाएको

निवेदन-पत्र

विषयः संविधानको धारा १६, २३ तथा ८८(२) अन्तर्गत उत्प्रेषण लगायत जो चाहिने आज्ञा, आदेश वा पूर्जी जारी गरी पाउँ ।

१. जिल्ला तेह्थुम ह्वाकू गाउँ विकास समिति घर भई हाल काठमाडौं नगरपालिका वडा नं. ३२ पुतलीसडक डेरा गरी वस्ने वर्ष ३५ को अधिवक्ता गोपाल सिवाकोटी
२. काठमाडौं नगरपालिका वडा नं. ३१ पुतलीसडक वस्ने वर्ष ३५ को अधिवक्ता चन्द्रमणि अधिकारी
३. इलाम नगरपालिका घर भई हाल ऐं ऐं डेरा गरी वस्ने वर्ष ३९ को राधेश्याम गुप्त

निवेदक

विरुद्ध

१. सम्माननीय प्रधानमन्त्री श्री शेरवहादुर देउवा, प्रधानमन्त्रीको सचिवालय, सिंहदरबार, काठमाडौं
२. श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालय, सिंहदरबार, काठमाडौं

३. श्री ५ को सरकार, परराष्ट्र मन्त्रालय, शितल निवास, काठमाडौं

४. श्री ५ को सरकार, जलश्रोत मन्त्रालय, सिंहदरबार, काठमाडौं

५. सन्त वहादुर पुन, अफिसर अन स्पेशल ड्युटी, जलश्रोत मन्त्रालय, सिंहदरबार, काठमाडौं

विपक्षी

हामी निवेदकहरु नेपाल अधिराज्यको संविधान २०४७ को धारा १६, २३ तथा ८८(२) र श्री सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४० बमोजिम लाग्ने दस्तुर रु. ५००।- यसैसाथ संलग्न राखी निम्नलिखित निवेदन गर्दछौं:

१. उपर्युक्त सम्बन्धमा नेपाल तथा भारतका परराष्ट्र मन्त्रीहरु बीच मिति २०५२ माघ १५ (जनवरी २९, १९९६) का दिन शारदा बाँध, टनकपुर बाँध तथा पञ्चेश्वर परियोजना समेत महाकाली नदीको एकिकृत विकास सम्बन्धमा द्विपक्षीय सन्धि (यसपछि "महाकाली सन्धि" भनिने) सम्पन्न भएको जानकारी निवेदकहरुलाई विभिन्न संचार माध्यममार्फत प्राप्त भयो । नीजि क्षेत्रका केही पत्रिकाहरुले उक्त सन्धिको पूर्ण पाठ नै प्रकाशित गरी जनसमक्ष ल्याएपछि यस सन्धिका विभिन्न पक्षहरुलाई व्यापक चर्चा-परिचर्चाहरु भइरहेकै सन्दर्भमा २०५२ माघ २९ (अर्थात् फरवरी १२, १९९६) का दिन सम्माननीय प्रधानमन्त्री श्री शेरवहादुर देउवा तथा भारतका सम्माननीय प्रधानमन्त्री श्री पी.भि. नरसिंह रावका बीच सोही विषय र सोही शीर्षकको सन्धिमा पूनः हस्ताक्षर भएको जानकारी विभिन्न संचार माध्यमहरु मार्फत प्राप्त हुन आयो । तर प्रधानमन्त्रीस्तरमा भएको यस सन्धिलाई सार्वजनिक नगरिनाले तथा परराष्ट्र मन्त्रीस्तरमा एकपटक सम्पन्न भइसकेको सन्धिलाई पूनः प्रधानमन्त्रीस्तरमा सम्पन्न गर्नाले उक्त सन्धिकाबारेमा विभिन्न शंका-उपशंकाहरु उत्पन्न भएका छन् । सामान्यतः परराष्ट्र मन्त्रीस्तरमा कुनै एक विषयमा सन्धि सम्पन्न भइसके पछि त्यसले नै द्विपक्षीय

सन्धिका रुपमा मान्यता पाइसकेको मान्नु पर्ने हो भने त्यही सन्धिलाई दुरुस्तै पूनः प्रधानमन्त्री स्तरमा हस्ताक्षर गर्नुबाट तात्विक एवं कानूनी रुपमा विशेष अर्थ रहँदैन । यद्यपि त्यस्तो सन्धिले बढी कानूनी बल प्राप्त गरेको तथ्यसम्म मान्न सकिन्छ । तसर्थ विभिन्न संचार माध्यमहरुबाट प्राप्त सूचना र तिनको विश्लेषणका आधारमा प्रधानमन्त्रीस्तरमा सम्पन्न सन्धिमा पररराष्ट्र मन्त्री स्तरमा सम्पन्न सन्धिमाभन्दा केही संशोधित तथा नयाँ प्रावधानहरु पनि रहेको तथा उक्त सन्धिका साथमा थप पत्राचार तथा अनुसूचिहरु समेत थपिएको समाचार जनसमक्ष आएको छ । यस अवस्थामा प्रधानमन्त्री स्तरमा सम्पन्न महाकाली सन्धिसंग सम्बन्धित निम्नलिखित सवालहरु निवेदक तथा अन्य नेपाली नागरिकहरुका निमित्त समेत सार्वजनिक चासो र महत्वका विषय साबित हुन पुगेका छन्:

(क) महाकाली नदीको अधिकांश भागलाई दुई मुलुकबीचको सीमानदीको रुपमा मान्यता दिइएको हो भने बाँकि भागहरुको कानूनी स्थिति के हुने हो तथा विगतमा भएका सन्धिहरु मार्फत स्थापित सम्पूर्ण महाकाली नदीको सीमानदीको हैसियत के कस्तो हुने हो?

(ख) शारदा बाँधबाट नेपालले केही मात्र पानी प्राप्त गर्ने कुरा उल्लेख गरिएको हो भने त्यो पानीको मात्रा के कुन समयमा के कति हुने हो? यदि महाकाली नदीमा नेपाल र भारतको आधा-आधा हक लाग्ने हो भने बाँकि पानीका हकमा नेपालको अधिकार के कसरी स्थापित हुने हो तथा भारतले के कति पानी के कसरी पाउने हो? यदि बढी भएको पानी सन्धिगत वा प्राकृतिक बहावका कारण भारतले स्वतः प्रयोग गर्ने अवस्था हो भने त्यसवापत नेपालले के कति क्षतिपूर्ति वा आर्थिक लाभ अधिकारस्वरुप प्राप्त गर्न सक्ने हो?

(ग) महाकाली नदीमा कार्यान्वयन गरिने पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको विस्तृत एवं संयुक्त अध्ययन प्रतिवेदन महाकाली सन्धिको अनुमोदनको संसदीय प्रक्रिया पुरा हुनुभन्दा पहिले तयार गर्न मिल्ने हो वा होइन?

(घ) कारणवशः शारदा बाँध निष्क्रिय भएको अवस्थामा त्यसका विकल्प के हुने भन्ने प्रावधान स्पष्ट रुपमा सन्धिमा के कसरी खुलाइएको छ वा छैन?

(ङ) संयुक्त आयोगमा मिति २०४८ मंशीर १८-१९ (डिसेम्बर ४-५, १९९१) मा भएका निर्णयहरु तथा भारतका प्रधानमन्त्रीको नेपाल भ्रमणका बखत मिति २०४९ कार्तिक ५ गते (अक्टोवर २१, १९९२) जारी गरिएका संयुक्त विज्ञप्तिहरुको हैसियत र निरन्तरता अब महाकाली सन्धि पछि के हुने हो?

(च) टनकपुर बाँधको माथिल्लो भागमा पञ्चेश्वर बहुउद्देश्यीय आयोजना तथा अन्य कुनै जलाशययुक्त आयोजनाहरुको निर्माण भएमा टनकपुर बाँध परियोजनाबाट नेपाललाई हुने फाइदा वा वेफाइदाको स्थिति के हुने हो अर्थात् यसको सट्टा कुनै वैकल्पिक व्यवस्था गरिएको भए यस्ता हरेक परियोजनाहरुबाट नेपाललाई समान रुपमा प्राप्त हुनु पर्ने सबै फाइदाहरु के कसरी सुनिश्चित गरिएका छन् वा छैनन्?

(छ) पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाका लागि लगानीसम्बन्धी दायित्वहरु के कसरी र कुन श्रोतबाट निर्वाह गरिने प्रावधान गरिएको छ वा छैन? साथै उक्त आयोजनाबाट उत्पादित विद्युत तथा सिंचाईका सबै अवसरहरुलाई विभिन्न कारणले गर्दा नेपालले पूर्ण रुपमा उपभोग गर्न नसकेमा खास अवस्थाहरुमा नेपालका निमित्त बढी हुन आउने विद्युत तथा सिंचाईयुक्त पानीलाई के कसरी प्रयोग गरिने हो? यदि त्यस्तो विद्युत र सिंचाई सुविधायुक्त पानी भारतलाई उपभोग गर्न दिइने हो वा भारतले जे जसरी भए पनि प्रयोग गर्ने हो भने त्यससम्बन्धी शर्त-बन्दोवस्तहरु के कस्ता हुने हुन्?

(ज) नेपाली भू-भागमा पर्ने दोधारा-चाँदनी क्षेत्रको सिंचाईका लागि भारतले ३५० क्युसेक (१० घनमिटर प्रतिसेकेण्ड) पानी उपलब्ध गराउने प्रावधान सत्य हो भने यससम्बन्धी प्राविधिक तथा अन्य विषयहरु के कसरी तय गरिने हुन?

(झ) महाकाली नदीमा भविष्यमा विकास गरिने अन्य विकास आयोजनाहरुका सन्दर्भमा यस सन्धिले के कस्तो पश्चात्दर्शी प्रभाव (Retrospective Effect) पार्ने हो?

(ञ) महाकाली नदीको किनारा तथा त्यसबाट प्रभावित क्षेत्रमा बस्ने स्थानीय जनताका अधिकारहरु तत्कालिन एवं दीर्घकालिन रुपमा के कसरी स्थापित एवं संरक्षित गरिने हुन्?

(ट) यस सन्धिको कार्यान्वयनको विषयलाई लिएर भविष्यमा उठ्न सक्ने विवादहरुको व्याख्या र समाधानका निमित्त के कस्ता प्रावधानहरु राखिएका छन् वा छैनन्? कुनै खास अवस्थामा यी सन्धिहरुको व्याख्यासम्बन्धी विवादमा द हेगस्थित अन्तर्राष्ट्रिय न्यायालयको क्षेत्राधिकारलाई के कसरी स्वीकार गरिएको छ वा छैन?

(ठ) संसदबाट महाकाली सन्धि अनुमोदन हुने अवस्थामा यसभन्दा पहिले शारदाबाँध तथा टनकपुर बाँधका सम्बन्धमा भएका समझदारी र सन्धिहरुको कानूनी स्थिति के हुने हो? यदि त्यस्ता समझदारी र सन्धिहरु विस्थापित भएको मानिने हो भने टनकपुर बाँधसम्बन्धी मुद्दामा सम्मानित अदालतबाट भएको फैसलाको औचित्य के हुने हो तथा उक्त फैसला अनुसार संसदले पहिले टनकपुरसम्बन्धी सन्धिको टुंगो लगाउनु पर्ने हो वा होइन? अथवा टनकपुर बाँधलाई समेत समाविष्ट गर्ने महाकाली सन्धिलाई अनुमोदनका लागि संसदमा पेश गर्नुभन्दा पहिले सम्मानित अदालतको फैसलाका कार्यान्वयन श्री ५ को सरकारले संसदमार्फत गर्नु गराउनु पर्ने संवैधानिक तथा कानूनी वाध्यता छ वा छैन?

(ड) महाकाली सन्धिलाई कार्यान्वयन गर्न आवश्यक पर्ने अन्य सन्धि-सम्झौताहरु के कसरी तय गरिने हुन् तथा त्यस्ता पूरक सम्झौताहरुको अनुमोदन संसदबाट गराउनु पर्ने प्रावधान महाकाली सन्धिमा नै समाविष्ट गरिनु पर्छ वा पर्दैन? आदि ।

२. यसरी नेपाल र भारतबीच विद्यमान सीमानदी तथा टनकपुरजस्ता कतिपय स्थानमा नेपालको भू-स्वामित्व र जलश्रोतको आदान-प्रदान तथा कतिपय अवस्थामा त प्रदानमात्र गरिनेजस्ता अति महत्वपूर्ण एवं संवेदनशील विषयहरुमा भएका द्विपक्षीय सन्धिहरु समस्त राष्ट्र र सम्पूर्ण नेपाली नागरिकहरुकै लागि सार्वजनकि महत्व र चासोका विषय हुन्छन् । ती सन्धिहरुलाई औपचारिक रुपमा कार्यान्वयनको रुप दिनुभन्दा पहिले ती सन्धिमा भएका हरेक व्यवस्था र प्रावधानका पक्ष तथा विपक्षमा आम नेपाली नागरिक तथा बौद्धिक समुदायबीच पनि व्यापक छलफल हुनु एक स्वाभाविक प्रजातान्त्रिक प्रक्रिया हो । त्यस्ता छलफल र विचार विमर्शबाट नै स्पष्ट एवं सशक्त जनभावना अभिव्यक्त हुन सक्दछ । यस आधारमा नै हाम्रा निर्वाचित जनप्रतिनिधिहरुले संसदमा कुनै पनि विषयमा देश र जनताको हितमा निर्णय लिनु पर्ने हुन्छ । किनकि संसद भन्ने विषय आफैमा मूर्त वस्तु होइन । संसदको वास्तविक महत्व र स्वरुप भनेको यसमा प्रतिनिधित्व गर्ने सांसदहरुको आर्थिक, राजनीतिक तथा बौद्धिक पृष्ठभूमि, स्तर र ज्ञान हो । महाकाली सन्धिजस्तो नेपालको हित र भविष्यलाई दूरगामी प्रभाव पर्ने सन्धिका बारेमा हाम्रा जनप्रतिनिधिहरुलाई अग्रिम रुपमा नै महाकाली सन्धि र उक्त सन्धिसंग सम्बन्धित पत्राचार, अनुसूचि लगायत सचेत जनमतको समेत पूर्ण जानकारी हुनु अनिवार्य हुन्छ । तबमात्र उनीहरु कुनै सन्धि दुई-तिहाई अनुमोदनका लागि संसदसमक्ष पेश हुँदा देश, जनता र प्रजातन्त्रको हितलाई सर्वोत्तम ठानी निश्चित मान्यता, सिद्धान्त र मापदण्डका आधारमा संसद सदस्यहरुले जनताको तर्फबाट आफ्नो सही मत प्रदान गर्ने स्थितिमा रहन्छन् । अन्यथा कुनै सन्धिबारे संसद तथा संसदको अनुमोदन प्रक्रिया वास्तविकता नभएर औपचारिकतामात्र हुन जान्छ । त्यसबाट संविधानको धारा १२६ को भावना र उद्देश्य पुरा हुन सक्दैन ।

३. यसर्थ महाकाली सन्धिको अनुमोदन प्रक्रिया सचेत एवं सार्थक बहस र छलफलद्वारामात्र सम्पन्न हुन सकोस् र यसका निमित्त सचेत

नागरिकका हैसियतले उक्त सन्धिका विभिन्न पक्षमा जनस्तरमा जनप्रतिनिधिहरुसंग समेत छलफल चलाउने उद्देश्यले निवेदक मध्येका काठमाडौँस्थित अन्तर्राष्ट्रिय मानव अधिकार, वातावरण तथा विकास प्रतिष्ठान (इन्हुरेड इन्टरन्याश्नल्) का कार्यकारी निर्देशक गोपाल सिवाकोटीका तर्फबाट सर्वप्रथम मिति २०५२ फागुन १६ मा विपक्षीहरुसमक्ष लिखित निवेदनहरु दर्ता गरी महाकाली सन्धि तथा यससंग सम्बन्धित सम्पूर्ण सूचना तथा कागजपत्रहरु माग गर्ने कार्य भयो । उक्त निवेदनमा "महाकाली नदीको एकिकृत विकाससंग सम्बन्धित सूचना तथा कागजपत्रहरु नेपालको संविधानको धारा १६ तथा सूचनाको हकका विषयमा सम्मानित सर्बोच्च अदालतबाट विभिन्न मितिमा भएका नजीरहरु, जो विपक्षीहरुलाई समेत कानूनसरह लागू हुन्छन्, समेतका आधारमा सार्वजनिक महत्वका हुनाले र यस प्रतिष्ठानले उक्त एकिकृत विकास योजनाबाट नेपाल र नेपाली जनताका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक, राजनीतिक, वातावरणीय, विकास तथा अन्य हक र अधिकारमाथि पर्न सक्ने सकारात्मक एवं नकारात्मक असरहरुका बारेमा विस्तृत अध्ययन गरी श्री ५ को सरकार तथा भारत सरकारसमक्ष आवश्यक सुझावहरु सहितको एक प्रतिवेदन समेत पेश गर्ने समेत निर्णय गरेकाले उक्त विषयका सम्पूर्ण सूचना तथा कागजपत्रहरुको आवश्यकता परेको तथ्यसमेत जानकारी गराउन चाहन्छु" भन्ने बेहोरा स्पष्ट रुपमा खुलाइएका थियो । तर विपक्षीहरुबाट आजका मितिसम्म पनि उक्त निवेदनका आधारमा कुनै जवाफ दिने तथा महाकाली सन्धि र अन्य सूचनाहरु प्रचलित संविधान, कानून र सम्मानित सर्बोच्च अदालतबाट विभिन्न समयमा प्रतिपादित नजिरहरुमा निर्धारित प्रक्रिया पुरा गरी तोकिएको समय-अवधिभित्र सूचना प्रवाह गर्ने कार्य सम्पादन भएको छैन ।

४. विपक्षीहरुबाट यसरी ढिलासुस्ती र इन्कारी हुने बित्तिकै प्रचलित संविधान,कानून तथा नजीरहरुका आधारमा सम्मानित अदालतसमक्ष न्याय माग्नका लागि पहिले नै शरण पर्नु पर्ने वाध्यात्मक अवस्था

श्रृजना भइसकेको थियो । तापनि विपक्षीहरुबाट उक्त सन्धि-सम्झौता र सम्बन्धित सूचनाहरु ढिलै भए पनि प्राप्त गर्न सकेको खण्डमा सम्मानित अदालतको महत्वपूर्ण श्रोत र समयको समेत बचत हुने तथ्यलाई ध्यानमा राखी विपक्षीहरुसमक्ष पूनः मिति २०५२।१२।११ मा उल्लेखित सूचनाहरुको माग गर्दै यदि यी सूचनाहरु इन्कार गरिएमा वा त्यस्तो इन्कारीको कुनै कानूनी आधार नदिएमा सम्मानित अदालतसमक्ष प्रस्तुत रीट निवेदन दायर हुन सक्ने कुराको समेत जनाऊ दिइयो ।

५. त्यसपछि मात्र मिति २०५२।११।२४, च.नं. ८१५।०५२ मार्फत विपक्षी मन्त्रिपरिषद् सचिवालयले श्री ५ को सरकार जलश्रोत मन्त्रालय तथा परराष्ट्र मन्त्रालयलाई एक पत्र लेखी "महाकाली नदीको एकीकृत विकास सम्वन्धी संझौता संग सम्बन्धित सूचना तथा कागजपत्रहरु उपलव्ध" गराउने सम्बन्धमा "त्यहींबाट आवश्यक कार्वाही हुन निर्देशानुसार अनुरोध" गरिएको छ भनी उल्लेख गरिएको छ । निवेदकलाई यसको वोधार्थ दिइएको छ । निवेदकले दोश्रो पटक मिति २०५२।१२।११ मा दर्ता गरेको निवेदनका सम्बन्धमा मिति २०५२।१२।१३, च.नं. ८८८।५२ मार्फत श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयको तर्फबाट निवेदकलाई एक छुट्टै पत्र पठाई निवेदकले माग गरेका सूचनाका सम्बन्धमा आवश्यक कारवाहीका लागि सम्बन्धित मन्त्रालयलाई लेखी पठाएको जानकारी दिइएको छ । त्यस्तै गरी, विपक्षी जलश्रोत मन्त्रालयका तर्फबाट निवेदक मध्येका गोपाल सिवाकोटीलाई पठाइएको मिति २०५२।१२।२२, च.नं. ३० को पत्र मार्फत "सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणका अवसरमा महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धिमा हस्ताक्षर सम्पन्न भएको र विद्युत शक्तिको व्यापार सम्बन्धी सम्झौतामा सचिवस्तरमा Initial भएको हुंदा विद्युत शक्तिको व्यपार सम्बन्धी सम्झौतामा भने हस्ताक्षर हुन बांकी नै रहेको अवस्था छ" भन्ने जानकारी दिइयो । साथै सोही पत्र मार्फत उक्त सन्धि तथा सम्बन्धित सूचनाहरु निवेदकलाई अधिकारस्वरुप कानूनबमोजिम उपलब्ध गराउने

सम्बन्धमा "प्रचलित नेपाल सन्धि ऐन, २०४७ को दफा १२ बमोजिम संसदबाट अनुमोदन भएपछि सम्बन्धित सन्धिहरु सार्वजनिक जानकारीको लागि नेपाल राजपत्रमा प्रकाशित गर्नुपर्ने अनिवार्य व्यवस्था भएको पृष्ठभूमिमा सो बमोजिम राजपत्रमा प्रकाशन हुने नै हुंदा अवगत गर्न हुन अनुरोध छ" भन्ने जवाफ दिँदै सूचनाको संवैधानिक तथा कानूनी हकबाट सरासर बञ्चित गरियो । यो रीट निवेदन दर्ता हुँदाको अवस्थासम्म विपक्षी मध्येका परराष्ट्र मन्त्रालयका तर्फबाट भने निवेदकले सूचनाको हकका लागि दर्ता गरेका दुईवटा निवेदनहरुमाथि कुनै कारवाही गरिएको जानकारी प्राप्त हुन सकेको छैन । यसैबीच निवेदकहरु मध्येका अधिवक्ता चन्द्रमणि अधिकारी तथा राधेश्याम गुप्तबाट पनि विभिन्न मितिमा उक्त महाकाली सन्धि र त्यससंग सम्बन्धित सूचना तथा कागजपत्रहरुको माग गर्दा संसदबाट अनुमोदन हुनुभन्दा पहिले यी सूचनाहरुलाई सार्वजनिक नगर्ने निर्णय भएको जानकारी दिइयो ।

६. यसरी विपक्षीहरुले निवेदकहरुको सूचनासम्बन्धी संवैधानिक, कानूनी तथा अन्तर्राष्ट्रिय मानव अधिकारको गम्भीर उल्लंघन गरेको हुनाले उक्त सूचनाको हकको पूर्ण प्रचलनका लागि निम्नलिखत जिकिरहरु प्रस्तुत गर्दछौं:

(क) सर्वप्रथमतः विपक्षीहरुले निवेदकहरुका हकमा सार्वजनिक गर्न इन्कार गरेको महाकाली सन्धि तथा त्यससंग सम्बन्धित सम्पूर्ण सूचना तथा कागजपत्रहरु गोप्य अथवा सार्वजनिक गर्न नसकिने प्रकृतिका होइनन् । यदि पररराष्ट्र मन्त्रीस्तरमा सम्पन्न महाकाली सन्धि नै प्रधानमन्त्री स्तरमा सम्पन्न सन्धि हो भने पररराष्ट्र मन्त्रीस्तरको सन्धिको पूर्णपाठ विभिन्न पत्र-पत्रिकाहरुमा समेत प्रकाशित भइसके पछि प्रधानमन्त्री स्तरमा सम्पन्न सोही सन्धि सार्वजनिक गर्न नमिल्ने भन्ने कुनै संवैधानिक तथा कानूनी आधार छैन ।

(ख) दोश्रो कुरा, महाकाली सन्धि र सम्बन्धित सूचनाहरुलाई संसदबाट अनुमोदन भएपछि मात्र सार्वजनिक गर्न मिल्ने विपक्षीहरुको भनाई सर्वथा संविधानको धारा १६ तथा अधिवक्ता गोपाल सिवाकोटी (निवेदक) समेत विरुद्ध अर्थ मन्त्रालयसमेत भएको अरुण-३ जलविद्युत आयोजनामा सूचनाको हकसम्बन्धी मुद्दामा प्रतिपादित सिद्धान्तहरु (नेपाल कानून पत्रिका, भाग ३६, २०५१ श्रावण, अंक ४, निर्णय नं.४८९५, मिति २०५१।१।२५) विपरित छ । संविधानको धारा १६ अनुसार "प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ ।" सोही धारामा भएको "कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन" भन्ने व्यवस्थाका हकमा विपक्षी मन्त्रिपरिषद् सचिवालय तथा जलश्रोत मन्त्रालयबाट महाकाली सन्धि तथा त्यससंग सम्बन्धित सूचना र कागजपत्रहरु के कुन कानूनबमोजिम गोप्य राख्नु पर्ने हो तथा के कति आधारमा उक्त सन्धि र सूचनाहरु सार्वजनिक गर्न नमिल्ने हो भन्ने कुनै जवाफ दिने कार्य भएको छैन । यसरी कुनै संवैधानिक वा कानूनी आधारहरु उल्लेख नगरी सार्वजनिक चासो र महत्वका कुनै पनि सूचनाहरु दिनबाट इन्कार गर्ने वा अनावश्यक रुपमा गैरकानूनी ढंगले आल्टाल् गर्ने अधिकार विपक्षी जलश्रोत मन्त्रालय लगायत कुनै पनि विपक्षीहरुलाई छैन ।

(ग) तेश्रो कुरा, विपक्षी जलश्रोत मन्त्रालयले लेखेको मिति २०५२।१२।२२ को पत्रमा महाकाली सन्धि तथा विद्युत व्यापारको सन्धि "प्रचलित नेपाल सन्धि ऐन, २०४७ को दफा १२ बमोजिम संसदबाट अनुमोदन भएपछि सम्बन्धित सन्धिहरु सार्वजनिक जानकारीका लागि नेपाल राजपत्रमा प्रकाशित गर्नुपर्ने अनिवार्य व्यवस्था भएको पृष्ठभूमिमा सो बमोजिम राजपत्रमा प्रकाशन हुने नै हुंदा अवगत गर्नु हुन अनुरोध छ" भनी गैरसंवैधानिक

तथा गैरकानूनी जवाफ दिइएको छ । यदि श्री ५ को सरकारले कुनै विदेशी राष्ट्र वा निकायसंग गर्ने द्विपक्षीय वा बहुपक्षीय सन्धिहरु संविधानको धारा १२६ बमोजिम संसदबाट अनुमोदन नभई वा नेपाल सन्धि ऐन, २०४७ बमोजिमका औपचारिकताहरु पुरा नगरी तिनका बारेमा नेपाली नागरिकहरुलाई कुनै जानकारी नै हुन नहुने हो भने संविधानको धारा १६ मा भएको सूचनाको हकसम्बन्धी प्रावधानको कुनै प्रयोजन रहँदैन । यसरी सूचनाको संवैधानिक हकलाई कमजोर बनाउने, सीमित गर्ने वा गलत व्याख्या गर्ने अधिकार विपक्षीहरुलाई छैन ।

(घ) चौथो कुरा, संविधानको धारा १२६(२)(घ) अन्तर्गत प्राकृतिक श्रोत तथा त्यसको उपयोगको बाँडफाँडसंग सम्बन्धित सन्धि "राष्ट्रलाई व्यापक, गम्भीर वा दीर्घकालीन असर" पार्ने प्रकृतिको सन्धि भए त्यसको "अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन संसदको दुबै सदनको संयुक्त बैठकमा उपस्थित सदस्यहरुको दुई-तिहाई बहुमतले गर्नुपर्ने शर्त" सम्बन्धित कानूनमा राखिनु पर्ने व्यवस्था गरेको छ । सोही अनुसारको व्यवस्था नेपाल सन्धि ऐन, २०४७ को दफा ५ मा गरिएको छ । कुनै सन्धिबाट "राष्ट्रलाई व्यापक, गम्भीर वा दीर्घकालीन असर" नहुने अवस्थामा मात्र "प्रतिनिधिसभाको बैठकमा उपस्थित सदस्यहरुको साधारण बहुमतबाट" त्यस्ता सन्धिलाई आवश्यक अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गरेमा पर्याप्त हुने प्रावधान धारा १२६(२((१) मा छ । तर यसरी अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनको संसदीय प्रक्रिया पुरा नभई कुनै पनि सन्धिहरु नेपाल अधिराज्यको हकमा लागू भएको मान्न नसकिने व्यवस्था सोही धारा १२६(३) मा गरिएको छ । प्रस्तुत महाकाली सन्धि प्राकृतिक श्रोत तथा त्यसको उपयोगको बाँडफाँडसंग सम्बन्धित सन्धि भएकाले यसको अनुमोदन संसदको संयुक्त बैठकमा उपस्थित सदस्यहरुको दुई-

तिहाई बहुमतबाट हुनु पर्ने वाध्यता छ । संसदको संयुक्त बैठकमा महाकाली सन्धि प्रस्तुत भईसकेपछि उक्त सन्धि अनुमोदन हुन पनि सक्छ, र नहुन पनि सक्छ । यदि श्री ५ को सरकारले अरु राष्ट्र वा निकायसंग गर्ने कुनै पनि सन्धिहरु संसदमा व्यापक छलफल र बहसका आधारमा अनुमोदन वा अस्वीकारमध्ये जे पनि हुन सक्ने संविधानको उद्देश्य र भावनालाई उल्लंघन गर्ने हो भने संविधानको धारा १२६ को पनि कुनै प्रयोजन रहँदैन । तसर्थ श्री ५ को सरकारले संसदसमक्ष अनुमोदनका लागि पेश गर्ने कुनै सन्धिलाई संसदले अस्वीकार पनि गर्न सक्छ, र कतिपय अवस्थामा त्यसरी अस्वीकार पनि गर्नुपर्ने हुन्छ भन्ने संविधानको धारा १२६ को मुख्य भावना र उद्देश्य हो । तर विपक्षी जलश्रोत मन्त्रालयको मिति २०५२।१२।२२ को पत्र अनुसार महाकाली सन्धि संसदबाट अनुमोदन हुने भएकाले नेपाल सन्धि ऐनको दफा १२ अनुसार राजपत्रमा प्रकाशित भइसकेपछि स्वतः सार्वजनिक जानकारीमा आउने अर्थ लगाइएको छ । यसबाट महाकाली सन्धिसम्बन्धी सूचनाको हकलाई दमन गरेर जसरी भए पनि यसलाई आफूले ढाँचा र शर्तमा अनुमोदन गराएरै छोड्ने भन्ने किसिमको दुर्भावना र बदनियत विपक्षीहरुमा स्पष्ट रुपमा प्रतिबिम्बित हुन्छ । तर यथार्थमा उक्त महाकाली सन्धिमा कुनै पनि कारणवशः संसदबाट अनुमोदन भएन भने त्यो राजपत्रमा समेत प्रकाशित हुन सक्दैन । यसरी नेपाल राजपत्रमा महाकाली सन्धि नै प्रकाशित नहुने अवस्था श्रृजना भएमा नेपाली नागरिकहरुको महाकाली सन्धिलाई हेर्ने, पढ्ने र बुझ्ने मौका, अवसर र संवैधानिक अधिकारको पूर्णतः उल्लंघन हुने अवस्था श्रृजना हुन्छ । यस अवस्थामा निवेदकहरुको यस्तो सूचनाको नैसर्गिक मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने एकमात्र निकाय सम्मानित सर्वोच्च अदालतमात्र भएकोले हामी यो निवेदनसहित समयमै उपस्थित हुन वाध्य भएका छौं ।

(ङ) पाँचौ कुरा, सार्वजनिक महत्वका सूचनाहरु नेपाली नागरिकहरुलाई उपलब्ध गराउने सम्बन्धमा विद्यमान संवैधानिक तथा कानूनी प्रावधान एवं सूचनाको हकसम्बन्धी विभिन्न मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजीरहरुको अर्थ त्यस्ता सूचनाहरुको निर्वाध प्रवाहरुलाई हरबखत सुनिश्चित गर्नु हो । यदि नेपाल राजपत्रमा श्री ५ को सरकारद्वारा निर्णय भएबमोजिम प्रकाशित विभिन्न सूचना र सामग्रीहरुलाई मात्र सार्वजनिक महत्वका सूचनाबारे जानकारी राख्न सकिने निर्विकल्प माध्यमका रुपमा स्वीकार गर्ने हो भने उल्लेखित संवैधानिक तथा कानूनी प्रावधान र न्यायिक सिद्धान्तहरुको कुनै औचित्य रहँदैन । कानूनबमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशित गर्नु त श्री ५ को सरकारको नियमित कार्यसम्पादनको एक आंशिक कर्तव्य र सिलसिलामात्र हो । यसरी नागरिहरुको निर्वाध सूचनाको हकलाई कुनै पनि अवस्थामा कुण्ठित वा सीमित गर्ने हतियारका रुपमा नेपाल राजपत्रलाई प्रयोग गर्नु विपक्षी जलश्रोत मन्त्रालयको सरासर बदनियत भएको तथ्य स्वतः प्रमाणित हुन आएको छ ।

(च) छैठौं कुरा, नागरिकहरुको सूचनाको हकलाई नेपालले अनुमोदन गरेको नागरिक तथा राजनीतिक अधिकारका अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९ ले पनि संरक्षण गरेको छ । उक्त अनुबन्धलाई अनुमोदन गर्ने राज्यपक्षहरुमाथि वाध्यात्मक दायित्व (Binding Obligations) श्रृजना गर्ने शक्तिशाली संयुक्त राष्ट्र संघीय सन्धि हो । यस्तो सन्धि संसदको अनुमोदनका प्रक्रियाबाट मुक्त हुने र नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) अनुसार नेपालमाथि कानूनसरह लागू हुने व्यवस्था छ । उक्त मानव अधिकार सन्धिको धारा १९ अनुसार यदि महाकाली सन्धि तत्कालका निमित्त गोप्य सन्धि हो भन्ने मान्यता विपक्षीहरुले लिनु भएको हो भने त्यसलाई

कानूनबमोजिम पुष्टि गर्न सक्नु पर्दछ । उक्त महाकाली सन्धिलाई सार्वजनिक गर्नाले यसले देशको राष्ट्रिय सुरक्षा तथा प्रजातान्त्रिक समाजका निमित्त अनिवार्य सार्वजनिक व्यवस्था र भलाईमा प्रतिकूल असर पर्दछ भन्ने प्रमाणित गर्नु पर्दछ । तर महाकाली सन्धिको स्वरुप र ढाँचा यस्तो प्रकृतिको छ भन्ने जवाफ विपक्षीहरुले दिन सक्नु भएको छैन । यदि उक्त सन्धिलाई सार्वजनिक नगर्ने हो भने र यस मानव अधिकार सन्धिद्वारा निर्धारित आधार र अवस्थाहरु पर्याप्त मात्रामा विद्यमान छन् भने तिनलाई कानूनतः स्थापित गर्न सक्नुपर्दछ । तर निवेदकहरुलाई महाकाली सन्धि तथा सम्बन्धित सूचनाहरु इन्कार गर्ने क्रममा यस्ता कुनै पनि कानूनी आधारहरु उल्लेख नगरी स्वेच्छाचारी ढंगले ठाडो जवाफ दिर्ने कार्य भएको छ । माथि उल्लेखित सम्झौताहरुलाई संसदमा अनुमोदन गरिने भनिए तापनि उक्त समयभन्दा पहिले ती सन्धिहरुका बारेमा नेपाली जनताले जानकारी राख्न किन नमिल्ने हो भन्ने प्रश्नको जवाफ दिने कार्य भएको छैन । यसको अर्थ यी सन्धिहरुलाई प्रचलित संविधान, कानून तथा नेपालले अनुमोदन गरेको नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९ विपरित गोप्य राख्ने दुष्प्रयत्न गरिएको निश्चित छ । साथै, यसरी गैरसंवैधानिक एवं गैरकानूनी रुपमा गोप्य राखिएका सन्धिहरुलाई जसरी भए पनि संसदको दुई तिहाईबाट अनुमोदन गराउने र त्यसपछि मात्र नेपाल राजपत्र मार्फत जनसमक्ष ल्याउने भन्नुबाट विपक्षीहरुको नियत नेपालको संविधानको भावना, प्रचलित नेपाल कानून तथा नेपाल र नेपाली नागरिकहरुका निर्वाध सूचना प्रवाहको हक र अधिकार विपरित भएको तथ्य निर्विवाद रुपमा स्थापित हुन आएको छ ।

(छ) सातौं कुरा, विभिन्न संचार माध्यमहरुमा प्रकाशित सूचना र समाचार अनुसार महाकाली सन्धिलाई लागू गर्ने कार्यसंग

सम्बन्धित कतिपय संयुक्त अध्ययन गर्ने तथा प्रतिवेदन तयार गर्ने कार्यहरु श्री ५ को सरकारका तर्फबाट भइरहेको थाहा हुन आएको छ । तर संसदबाट अनुमोदनको प्रक्रिया नै पुरा नगरी अथवा पछि गएर संसदको दुई-तिहाईबाट अस्वीकार पनि हुनसक्ने यस सन्धिलाई कार्यान्वयन गर्ने. प्रकृतिका कुनै पनि कार्यहरु प्रारम्भ गर्ने अधिकार हाल विपक्षीहरुलाई छैन ।

(ज) आठौं कुरा, महाकाली सन्धिसंग अभिन्न रुपले जोडिएको अर्को सवाल भनेको अधिवक्ता बालकृष्ण न्यौपाने वि. श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय समेत रहेको मिति २०४९।८।२९, नि.नं. १८५१ को टनकपुर बाँधसम्बन्धी मुद्दामा सम्मानित अदालतबाट भएको फैसला पनि हो । उक्त फैसलामा "टनकपुर बाँध सम्बन्धी सम्झौता अनुसार नेपालले बाँया एफलक्स बाँधको लागि जग्गा उपलब्ध गराई सकेको देखिनाले संविधानको धारा १२६ को उपधारा (२) बमोजिम उक्त सम्झौताको अनुमोदन वा समर्थन गराउने तर्फ कारवाही गर्नु भनी श्री ५ को सरकारका नाममा आदेश जारी गरिएको छ ।" तर पछि आएर उक्त फैसलाको पूर्ण कार्यान्वयन नगरी अथवा संसदले टनकपुर बाँधसम्बन्धी सन्धिका सम्बन्धमा संविधानको धारा १२६(२) अनुसार "व्यापक, गम्भीर वा दीर्घकालिन" भन्ने शब्द र वाक्यांशहरुको परिभाषासमेत नगरी टनकपुर बाँधसम्बन्धी सन्धिको अनुमोदनको प्रक्रिया पूरा नहुँदै सम्मानित अदालतबाट भएको फैसलाको अवहेलना गर्ने कार्य विपक्षी श्री ५ को सरकार तथा केही विपक्षीहरुसमेतबाट भएको छ । साथै, महाकाली सन्धिभित्र नै समाविष्ट गरिएको टककपुर बाँधसम्बन्धी प्रावधानहरु के कस्ता छन् तथा सर्बोच्च अदालतको फैसला अनुसार टनकपुर बाँधसम्बन्धी विवादको समाधान र अनुमोदनको स्थिति के हुने हो तथा संसदले महाकाली सन्धिभन्दा पहिले टनकपुर बाँधसम्बन्धी फैसला अनुरुप उक्त सन्धिको अनुमोदनको कार्यलाई विधिवत रुपमा

पहिले दुंग्याउने निर्णय गऱ्यो भने त्यसको असर के हुने हो भन्नेजस्ता गम्भीर संवैधानिक एवं कानूनी प्रश्नहरु यकिन गर्न पनि महाकाली सन्धि अनुमोदनका लागि संसदमा पेश हुनभन्दा पहिले नै यसलाई सम्पूर्ण रुपमा सार्वजनिक गर्नु विपक्षीहरुको संवैधानिक एवं कानूनी कर्तव्य हो । जसको उल्लंघन विपक्षीहरुबाट जानाजानी व्यापक रुपमा भएको छ ।

(झ) नवौं कुरा, महाकाली सन्धि तथा त्यस अन्तर्गत पछि गएर सम्पन्न हुने निर्माण कार्यहरुको प्रतिकूल असर महाकाली नदी प्रवाहित क्षेत्र लगायत त्यस क्षेत्रको सम्पूर्ण हिमाली भौगर्भिक बनोट, भू-कम्प प्रभाव र समस्त प्राकृतिक वातावरणमा व्यापक रुपमा पर्ने निश्चित छ । पञ्चेश्वर बहुद्देश्यीय आयोजना क्षेत्रबाट करिब २०० किलोमिटर टाढा रहेको तेहरी बाँध निर्माणको कार्यमा बर्षौंदेखि विवाद चलिरहनु तथा यस बाँधलाई लिएर विभिन्न न्यायिक एवं वैज्ञानिक अध्ययनगत प्रक्रियाहरु चलिरहनुबाट पनि महाकाली सन्धिको पूर्ण कार्यान्वयनमा प्रशस्त कठिनाईहरु हुने तथ्य स्पष्ट छ । यस्तो अवस्थामा उक्त महाकाली सन्धि र यसबाट प्रभावित हुने विषयवस्तु तथा क्षेत्रका विषयमा अहिलेदेखि नै जनस्तरमा व्यापक रुपमा छलफल हुन सकेको खण्डमा संसदमा उक्त सन्धिको अनुमोदनको उद्देश्य र प्रक्रियालाई विशेष रुपमा सहयोग पुग्नेछ । यस्ता सबै पक्षहरुमाथि विशेष रुपमा विचार पुऱ्याएर तथा दूरदर्शिता अपनाएर नेपाल र नेपालीको तत्कालीन तथा दीर्घकालिन हितमा निर्णय गर्न हाम्रा जनप्रतिनिधिहरुलाई सजिलो पर्नेछ । तर विपक्षीहरुले महाकाली सन्धि र यससम्बन्धी अन्य सूचना तथा दस्तावेजहरुलाई गैरसंवैधानिक एवं गैरकानूनी रुपमा गोप्य राख्नाले महाकाली सन्धि संसदबाट अनुमोदन भएकै खण्डमा पनि त्यसको कार्यान्वयनका अवधिमा प्रशस्त संवैधानिक, कानूनी तथा वातावरणीय विवादहरु यथावत रहने निश्चित छ । यस्तो अवस्थालाई सम्मानित अदालतबाट

महाकाली सन्धिको अनुमोदनपूर्व नै संवैधानिक एवं कानूनी रुपमा किनारा लगाउनु न्यायसंगत हुनेछ । तबमात्र नेपालले हिमाली क्षेत्रको संरक्षण लगायत अन्य वातावरणीय विषयहरुमा अनुमोदन वा सम्मिलन गरेका विभिन्न संयुक्त राष्ट्र संघीय महासन्धि र घोषणाहरु अन्तर्गत भृजित अन्तर्राष्ट्रिय दायित्वहरुको परिपालना भएको ठहर्नेछ ।

७. निवेदकहरुको हकदैयाका सम्बन्धमा, प्रस्तुत निवेदनमा उठाइएका विवाद र तिनका विषयवस्तु संविधान, कानून तथा सम्मानित अदालतबाट विभिन्न मुद्दाहरुमा प्रतिपादित सिद्धान्तहरुमा आधारित छन् । यस परिप्रेक्ष्यमा महाकाली सन्धि के कसरी सार्वजनिक चासो र महत्वको विषय हो तथा के कसरी यस सम्बन्धमा संविधानको धारा १६ तथा धारा ८८(२) आकर्षित हुन सक्छन् भन्ने विषयमा माथि विभिन्न हरफहरुमा प्रशस्त विवेचना भइसकेको छ । साथै निवेदकहरु लगायत कुनै पनि नेपाली नागरिकहरुको हकदैया महाकाली सन्धिका हकमा के कसरी स्थापित भएको छ भन्ने विषयमा अधिवक्ता बालकृष्ण न्यौपाने वि. मन्त्रिपरिषद् सचिवालय समेत भएको टनकपुर बाँध (२०४९ सालको रिट नं. १८५१, निर्णय मिति २०४९।८।३०) तथा गोपाल सिवाकोटी वि. श्री ५ को सरकार, अर्थ मन्त्रालय समेत भएको (नेपाल कानून पत्रिका, भाग ३६, २०५१ श्रावण, अंक ४, निर्णय नं.४८९५, मिति २०५१।१।२५) भएको अरुण-३ आयोजनासम्बन्धी मुद्दामा स्पष्ट रुपमा व्याख्या भइसकेकाले यसमा पुनराबृत्ति गर्न आवश्यक ठानिएको छैन ।

८. यसर्थ विपक्षी मध्येका सम्माननीय प्रधानमन्त्रीले भारत सरकारसंग शारदा बाँध, टनकपुर बाँध तथा पञ्चेश्वर योजना परियोजना समेत महाकाली नदीको एकिकृत विकासका सम्बन्धमा यथार्थमा के कस्तो सन्धि भएको छ भन्ने लगायतका विषयहरुमा विपक्षीहरुको लिखितजवाफबाट जानकारी प्राप्त भए पछि तिनको संवैधानिक एवं कानूनी वैधताका विषयमा यो मुद्दाको अन्तिम सुनुवाई हुँदाका बखत

स-विस्तार खण्डन गरी सोहीबमोजिम बदरको माग गर्नेछौं । हाल श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालय तथा जलश्रोत मन्त्रालयले सूचनाको हकलाई इन्कारी गरेका पत्रहरु तथा विभिन्न सरकारी एवं गैरसरकारी संचार माध्यमहरु मार्फत यी सन्धिहरुका बारेमा प्राप्त प्रकाशित समाचारहरुका आधारमा यो निवेदन दर्ता गर्न आएका छौं ।

९. अतः माथि उल्लेखित तथ्य तथा कानून र प्रमाणका आधारमा सम्माननीय प्रधानमन्त्रीले आफ्नो भारत भ्रमणका अवसरमा मिति २०५२ माघ २९ का दिन सम्पन्न गरेको शारदा बाँध, टनकपुर बाँध तथा पञ्चेश्वर योजना परियोजना समेत महाकाली नदीको एकिकृत विकास तथा त्यससंग सम्बन्धित समपूर्ण सूचना, पत्राचार, अनुसूचि र जो भएका अन्य सबै कागजपत्र तथा दस्तावेजहरु संविधानको धारा १६ बमोजिम सम्मानित अदालतमार्फत निवेदकहरुलाई उपलब्ध गराउनु भनी संविधानको धारा २३ तथा ८८(२) तथा सूचनाको हकका विषयमा विभिन्न मुद्दामा सम्मानित अदालतबाट स्थापित नजीरहरुका आधारमा विपक्षीहरुका नाममा उत्प्रेषण लगायत जो चाहिने अन्य आज्ञा, आदेश वा पूर्जी जारी गरी पाउँ । साथै उक्त सन्धिलाई सार्वजनिक गरी त्यसलाई संविधानको धारा १२६ तथा नेपाल सन्धि ऐन, २०४७ को धारा ५ अनुरुप संसदको संयुक्त बैठकमा उपस्थित सदस्य संख्याको दुई-तिहाई बहुमतबाट पारित भइसके पछिमात्र महाकाली सम्झौता र सम्बन्धित दस्तावेजहरुमा उल्लेखित कुनै पनि प्रावधानहरु अनुरुपका दायित्वहरुका श्रृजना हुने हुनाले यस्तो अनुमोदनको प्रत्रिया पूरा नभएसम्मका लागि यस सन्धिबाट प्रत्यक्ष वा अप्रत्यक्ष नेपाल र नेपाली नागरिकहरुमाथि कुनै पनि किसिमका् आर्थिक, भौतिक, वातावरणीय, संवैधानिक, कानूनी वा अन्य कुनै पनि दायित्व (Obligations) र भार (Burden) श्रृजना हुने कुनै पनि कार्यहरु नगर्नु नगराउनु भनी सर्बोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम विपक्षीहरुका नाममा अन्तरिम आदेश समेत जारी गरी पाउँ ।

१०. यो रिद निवेदन दर्ता गर्ने हदम्यादका सम्बन्धमा अधिवक्ता गोपाल सिवाकोटी विरुद्ध अर्थ मन्त्रालय समेत भएको अरुण-३ सम्बन्धी मुद्दा (ने.का.प., भाग ३६ , २०५१ श्रावण, अंक ४, हरफ ४०(७), पृष्ठ २७८) मा प्रतिपादित नजीर तथा सूचनाको हक प्रचलन गर्ने गराउनेसम्बन्धी निर्धारित कार्यविधि अन्तर्गत विपक्षी जलश्रोत मन्त्रालयले महाकाली सन्धिका सम्बन्धमा सूचनाको हकको इन्कारी गरेको मितिले ७ दिनभित्र उपस्थित भएका छौं ।

११. विपक्षी मध्येका सम्माननीय प्रधानमन्त्रीले भारतसंग गरेका उल्लेखित सन्धि सम्मानित अदालतबाटै झिकाई बुझी पाउँ । साथै, अधिवक्ता बालकृष्ण न्यौपाने विरुद्ध मन्त्रिपरिषद् सचिवालय समेत विरुद्ध भएको टनकपुर बाँधसम्बन्धी फैसला र त्यसको मिसिल पनि यस विवादसंग सम्बन्धित हुँदा उक्त मिसिलसमेत सम्बन्धित फाँटबाट झिकाई यसै निवेदनसाथ संलग्न राखी पुर्पक्ष गरी पाउँ ।

१२. संलग्न कागजपत्र तथा विभिन्न पत्रिकाका फोटोकपीहरुः

(क) विपक्षी जलश्रोत मन्त्रालयको मिति २०५२।१२।२२ को पत्र १

(ख) विपक्षी मन्त्रिपरिषद् सचिवालयको मिति २०५२।११।२४ को पत्रको वोधार्थ १

(ग) विपक्षी मन्त्रिपरिषद् सचिवालयको मिति २०५२।१२।१३ को पत्र १

(घ) निवेदकका तर्फबाट मिति २०५२।११।१६ तथा २०५२।१२।११ मा प्रेषित निवेदनहरु ६

(ङ) मिति २०५२।११।६ र २०५२।११।१ को गोरखापत्रमा प्रकाशित समाचारको अंश १

(च) मिति २०५२।१०।२१ को देशान्तर साप्ताहिकमा प्रकाशित नेपाल तथा भारतका परराष्ट्र मन्त्रीहरुबीच सम्पन्न महाकाली सन्धिको पूर्ण पाठ १

(छ) Text of the Joint Statement issued at the end of Prime Minister Sher Bahadur Deuba's visit

to India, February 11-17, 1996, *The Independent*, February 21, 1996, Kathmandu. १

(ज) *Himal South Asia* को Vol 9 No 1 March 1996 मा प्रकाशित "A Watershed on the Mahakali River" तथा "High Dams for Asia: Neo-Gandhian Maoists vs. Nehruvian Stalinists" नामक विश्लेषणात्मक सामग्री १

(झ) मूल्याङ्कन मासिकको पूर्णाङ्क ३६, फागुन २०५२ को अंकमा "के अब टनकपुर समस्या हल भयो ?" नामक शीर्षक अन्तर्गत महाकाली सन्धिवारे प्रकाशित विश्लेषणात्मकलेख.....१

१३. यो निवेदन इजलाशसमक्ष पेश हुँदा निवेदकहरुका तर्फबाट रहनु हुने कानून व्यवसायीहरुले गर्नु हुने बहस जिकिरलाई यसै निवेदनको अभिन्न अंग मानी पाउँ ।

१४. लेखिएको बेहोरा ठीक साँचो छ । झुठा ठहरे कानूनबमोजिम सहने बुझाउने छौं ।

निवेदकहरु

हाल का.न.पा. वडा नं. ३२ पुतलीसडक वस्ने वर्ष ३५ को अधिवक्ता गोपाल सिवाकाटी ।
ऐं ऐं वडा नं. ३१ वस्ने वर्ष ३५ को अधिवक्ता चन्द्रमणि अधिकारी ।
ऐं ऐं वडा नं. ३१ पुतलीसडक वस्ने वर्ष ३९ को राधेश्याम गुप्त ।

इति सम्बत् २०५२ साल चैत २७ गते रोज ३ शुभम् ।

३. विद्युतशक्तिको व्यापारसम्बन्धीबारे दर्ता गरिएको रीट निवेदनको पूर्ण पाठ

रीट नं. ३०५२
२०५२।१२।२८।४

श्री सर्वोच्च अदालतमा चढाएको

निवेदन-पत्र

विषयः संविधानको धारा १६, २३ तथा ८८(२) अन्तर्गत उत्प्रेषण लगायत जो चाहिने आज्ञा, आदेश वा पूर्जी जारी गरी पाउँ ।

१. जिल्ला तेह्थुम ह्वाकू गाउँ विकास समिति घर भई हाल काठमाडौं नगरपालिका वडा नं. ३२ पुतलीसडक डेरा गरी वस्ने वर्ष ३५ को अधिवक्ता गोपाल सिवाकोटी
२. काठमाडौं नगरपालिका वडा नं. ३१ पुतलीसडक वस्ने वर्ष ३५ को अधिवक्ता चन्द्रमणि अधिकारी
३. इलाम नगरपालिका घर भई हाल ऐं ऐं डेरा गरी वस्ने वर्ष ३९ को राधेश्याम गुप्त

निवेदक

विरुद्ध

१. सम्माननीय प्रधानमन्त्री श्री शेरवहादुर देउवा, प्रधानमन्त्रीको सचिवालय, सिंहदरबार, काठमाडौं
२. श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालय, सिंहदरबार, काठमाडौं

३. श्री ५ को सरकार, परराष्ट्र मन्त्रालय,
शितल निवास, काठमाडौं विपक्षी
४. श्री ५ को सरकार, जलश्रोत मन्त्रालय,
सिंहदरबार, काठमाडौं
५. सन्त वहादुर पुन, अफिसर अन स्पेशल
ड्युटी, जलश्रोत मन्त्रालय, सिंहदरबार,
काठमाडौं

हामी निवेदकहरु नेपाल अधिराज्यको संविधान २०४७ को धारा १६, २३ तथा ८८(२) र श्री सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४० बमोजिम लाग्ने दस्तुर रु. ५००।- यसैसाथ संलग्न राखी निम्नलिखित निवेदन गर्दछौं:

१. उपर्युक्त सम्बन्धमा सम्माननीय प्रधानमन्त्री श्री शेरवहादुर देउवाको माघ २८ गतेदेखि फागुन ४ गतेसम्म सम्पन्न एक साताको भारत भ्रमणका अवसरमा श्री ५ को सरकार तथा भारत सरकारका बीच विद्युतशक्तिको व्यापारका सम्बन्धमा एक सम्झौता सम्पन्न भएको समाचारहरु प्रसारित भएका छन् । उक्त विद्युत व्यापार सम्झौता १० वर्षका लागि हुने र यस सम्झौता अनुसार नेपालबाट भारतमा निर्यातका लागि जम्मा ५००० मेगावाटसम्म र भारतबाट नेपालमा निर्यातका लागि जम्मा २५० मेगावाट सम्म हुने प्रावधान राखिएको छ भन्ने जानकारी पनि विभिन्न श्रोतहरुबाट ज्ञात हुन आएको छ । यस अवस्थामा यस सम्झौतका सम्बन्धमा निम्नलिखित प्रश्नहरु सार्वजनिक चासो र महत्वका विषय बन्न पुगेका छन्:

(क) यसरी आयात-निर्यात हुने विद्युतको न्यूनतम् मूल्य के कति हुने हो?

(ख) नेपालभित्र विद्युत उत्पादनको व्यापार र विस्तारका सन्दर्भमा स्थलगत अध्ययन, अन्वेषण तथा सर्वेक्षणका लागि आवश्यक संरचनाहरुको निर्माण, जडान, संचालन तथा सम्भारका निमित्त भारतीय पक्षलाई नेपालभित्र के कति

छूट, सुविधा र अवसरहरु प्रदान गरिने हुन्? यदि यस्ता छूट, सुविधा र अवसरहरु पारस्परिक नै छन् भने पनि तिनलाई पूर्ण रुपमा उपयोग गर्ने स्थिति नेपालसंग छ कि छैन? अथवा यी विषयमा स्पष्ट प्रावधानहरु यस सम्झौतामा समावेश गरिएको छ वा छैन?

(ग) यदि यस सम्झौताको अर्को पक्ष भारतले सम्झौताको कार्यान्वयनका नाममा नेपाली नागरिकहरुसरह नेपालका सम्बन्धित कानून तथा नियमहरु अनुसारको सुविधा र सहुलियतहरु दाबी गर्ने पाउने हो वा होइन?

(घ) यस सम्झौताका कार्यान्वयनका सम्बन्धमा आवश्यक प्राविधिक शर्तहरुबारे सन्धिमा आवश्यक व्यवस्था गरिएको छ वा छैन?

(ङ) यस सम्झौताको कार्यान्वयनलाई लिएर विवाद उठेमा त्यसको समाधान के कसरी गरिने छ?

(च) नीजि क्षेत्रबाट उत्पादित हुने विद्युतको आयात वा निर्यातका सम्बन्धमा यो सम्झौताको कानूनी हैसियत र क्षेत्राधिकार के कस्तो हुने हो? आदि ।

२. यसरी नेपाल र भारतबीच विद्युतशक्तिको व्यापारसंग सम्बन्धित सन्धिजस्तो अति महत्वपूर्ण एवं संवेदनशील विषयहरुमा भएका द्वीपक्षिय सन्धिहरु समस्त राष्ट्र र सम्पूर्ण नेपाली नागरिकहरुकै लागि सार्वजनकि महत्व र चासोका विषय हुन्छन् । यस सन्धिलाई औपचारिक रुपमा कार्यान्वयनको रुप दिनुभन्दा पहिले ती सन्धिमा भएका हरेक व्यवस्था र प्रावधानका पक्ष तथा विपक्षमा आम नेपाली नागरिक तथा बौद्धिक समुदायबीच पनि व्यापक छलफल हुनु एक स्वाभाविक प्रजातान्त्रिक प्रक्रिया हो । त्यस्ता छलफल र विचार विमर्शबाट नै स्पष्ट एवं सशक्त जनभावना अभिव्यक्त हुन सक्दछ । यस आधारमा नै हाम्रा निर्वाचित जनप्रतिनिधिहरुले संसदमा कुनै पनि विषयमा देश र जनताको हितमा निर्णय लिनु पर्ने हुन्छ । किनकि संसद भन्ने विषय आफैमा मूर्त वस्तु होइन । संसदको वास्तविक

महत्व र स्वरुप भनेको यसमा प्रतिनिधित्व गर्ने सांसदहरुको आर्थिक, राजनीतिक तथा बौद्धिक पृष्ठभूमि, स्तर र ज्ञान हो । विद्युत व्यापार सम्झौताजस्तो नेपालको हित र भविष्यलाई दूरगामी प्रभाव पर्ने सन्धि, सूचना तथा जनमतकाबारेमा हाम्रा जनप्रतिनिधिहरुलाई अग्रिम रुपमा नै पूर्ण जानकारी हुनु अनिवार्य हुन्छ । तबमात्र यस्तो सन्धि अनुमोदनका लागि संसदसमक्ष पेश हुँदा देश, जनता र प्रजातन्त्रको हितलाई सर्वोत्तम ठानी निश्चित मान्यता, सिद्धान्त र मापदण्डका आधारमा संसद सदस्यहरुले जनताको तर्फबाट आफ्नो सही मत प्रदान गर्ने स्थितिमा रहन्छन् । अन्यथा कुनै सन्धिबारे संसद तथा संसदको अनुमोदन प्रक्रिया वास्तविकता नभएर औपचारिकतामात्र हुन जान्छ । त्यसबाट संविधानको धारा १२६ को भावना र उद्देश्य पुरा हुन सक्दैन ।

३. यसर्थ विद्युतशक्तिको व्यापारसम्बन्धी सम्झौताको अनुमोदन प्रक्रिया सचेत एवं सार्थक बहस र छलफलद्वारामात्र सम्पन्न हुन सकोस् र यसका निमित्त सचेत नागरिकका हैसियतले उक्त सन्धिका विभिन्न पक्षमा जनस्तरमा जनप्रतिनिधिहरुसंग समेत छलफल चलाउन सकियोस् भन्ने उद्देश्यले निवेदक मध्येका काठमाडौंस्थित अन्तर्राष्ट्रिय मानव अधिकार, वातावरण तथा विकास प्रतिष्ठान (इन्हुरेड इन्टरन्याश्नल) का कार्यकारी निर्देशक गोपाल सिवाकोटीका तर्फबाट मिति २०५२।१२।११ मा लिखित रुपमा विद्युतशक्तिको व्यापारसम्बन्धी सम्झौता लगायतका सम्पूर्ण सूचना तथा कागजपत्रहरु माग गर्ने कार्य भयो । यसबारे विपक्षी मन्त्रिपरिषद् सचिवालयका तर्फबाट मिति २०५२।१२।१३, च.नं. ८८८।५२ मार्फत श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालयको तर्फबाट निवेदकलाई एक छुट्टै पत्र पठाई निवेदकले माग गरेका सूचनाका सम्बन्धमा आवश्यक कारवाहीका लागि सम्बन्धित मन्त्रालयलाई लेखी पठाएको जानकारी दिइयो ।

४. त्यस्तै गरी, विपक्षी जलश्रोत मन्त्रालयका तर्फबाट निवेदक मध्येका गोपाल सिवाकोटीलाई पठाइएको मिति २०५२।१२।२२, च.नं.

३० को पत्र मार्फत "सम्माननीय प्रधानमन्त्रीज्यूको भारत भ्रमणका अवसरमा महाकाली नदीको एकीकृत विकास सम्बन्धी सन्धिमा हस्ताक्षर सम्पन्न भएको र विद्युतशक्तिको व्यापार सम्बन्धी सम्झौतामा सचिवस्तरमा Initial भएको हुंदा विद्युत शक्तिको व्यपार सम्बन्धी सम्झौतामा भने हस्ताक्षर हुन बांकी नै रहेको अवस्था छ" भन्ने जानकारी दिइयो । साथै, सोही पत्रमार्फत उक्त सन्धि तथा सम्बन्धित सूचनाहरु निवेदकलाई अधिकारस्वरुप कानूनबमोजिम उपलब्ध गराउने सम्बन्धमा "प्रचलित नेपाल सन्धि ऐन, २०४७ को दफा १२ बमोजिम संसदबाट अनुमोदन भएपछि सम्बन्धित सन्धिहरु सार्वजनिक जानकारीको लागि नेपाल राजपत्रमा प्रकाशित गर्नुपर्ने अनिवार्य व्यवस्था भएको पृष्ठभूमिमा सो बमोजिम राजपत्रमा प्रकाशन हुने नै हुंदा अवगत गर्न हुन अनुरोध छ" भन्ने जवाफ दिइयो । यसरी निवेदकलाई सूचनाको संवैधानिक तथा कानूनी हकबाट सरासर बञ्चित गरियो । यो रीट निवेदन दर्ता हुँदासम्म विपक्षी मध्येका परराष्ट्र मन्त्रालयका तर्फबाट भने कुनै जानकारी प्राप्त हुन सकेको छैन । विद्युतशक्तिको व्यापारसम्बन्धी सम्झौता अझसम्म पनि प्रारम्भिक (Initial) मात्र हो भने यसले कहिलेम्ममा पूर्णता पाउने हो भन्ने यकिन गर्न निवेदकहरुलाई सूचनाको अभावमा असंभवप्रायः भएको छ । किनकि २०५२ फागुन ६ गतेको सरकारी दैनिक गोरखापत्रमा प्रकाशित समाचार अनुसार "प्रधानमन्त्री शेरबहादुर देउवाको एक साताव्यापी भारत भ्रमणको अन्त्यमा श्री ५ को सरकार तथा भारत सरकारबीच विद्युत शक्ति व्यापारसम्बन्धी सम्झौता आज यहाँ सम्पन्न भयो" भनिएको सन्दर्भमा संसदमा अनुमोदन हुनु भन्दा पहिले नै यस सम्झौतालाई सूचनाको हकस्वरुप सार्वजनिक गर्नुपर्ने भन्ने हामी निवेदकहरुको माग छ ।

५. यस्ता सूचना तथा कागजपत्रहरु नेपालको संविधानको धारा १६ तथा सूचनाको हकका विषयमा सम्मानित सर्वोच्च अदालतबाट विभिन्न मितिमा प्रतिपादित नजीरहरु, जो विपक्षीहरुलाई समेत कानूनसरह लागू हुन्छन्, समेतका आधारमा विद्युतशक्तिको

व्यापारसम्बन्धी सम्झौता समस्त नेपाल र नेपाली जनताका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक, राजनीतिक, वातावरणीय, विकास तथा अन्य हक र अधिकारमाथि पर्नसक्ने सकारात्मक एवं नकारात्मक असरहरुको अध्ययन, समस्याको पहिचान र समाधानका उपायसंग सम्बन्धित छ । तर विपक्षीहरुबाट आजका मितिसम्म पनि उक्त निवेदनका आधारमा कुनै जवाफ दिने तथा विद्युतशक्तिको व्यापारसम्बन्धी सम्झौता र अन्य सूचनाहरु प्रचलित संविधान, कानून र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरुमा निर्धारित प्रक्रिया पुरा गरी तोकिएको समय-अवधिभित्र सूचना प्रवाह गर्ने कार्य सम्पादन भएको छैन । निवेदकहरु मध्येका अधिवक्ता चन्द्रमणि अधिकारी तथा राधेश्याम गुप्तबाट पनि विभिन्न मितिमा उक्त सम्झौता र त्यससंग सम्बन्धित सूचना तथा कागजपत्रहरुको माग गर्दा संसदबाट अनुमोदन हुनुभन्दा पहिले यी सूचनाहरुलाई सार्वजनिक नगर्ने निर्णय भएको जानकारी दिइएको छ ।

६. यसरी विपक्षीहरुले निवेदकहरुको सूचनासम्बन्धी संवैधानिक, कानूनी तथा अन्तर्राष्ट्रिय मानव अधिकारको गम्भीर उल्लंघन गरेको हुनाले उक्त सूचनाको हकको पूर्ण प्रचलनका लागि निम्नलिखत जिकिरहरु प्रस्तुत गर्दछौं:

(क) प्रथमत: विपक्षीहरुले निवेदकहरुका हकमा सार्वजनिक गर्न इन्कार गरेको विद्युत व्यापारसम्बन्धी तथा त्यससंग सम्बन्धित सम्पूर्ण सूचना तथा कागजपत्रहरु कानूनबमोजिम गोप्य अथवा सार्वजनिक गर्न नसकिने प्रकृतिका सूचना होइनन् । यदि उक्त सम्झौता र सम्बन्धित सूचनाहरुलाई संसदबाट अनुमोदन भएपछि मात्र सार्वजनिक गर्न मिल्ने विपक्षीहरुको भनाई हो भने यो सर्वथा संविधानको धारा १६ तथा अधिवक्ता गोपाल सिवाकोटी (निवेदक) समेत विरुद्ध अर्थ मन्त्रालय समेत भएको अरुण-३ जलविद्युत आयोजनामा सूचनाको हकसम्बन्धी मुद्दामा प्रतिपादित सिद्धान्तहरु (नेपाल कानून पत्रिका, भाग ३६, २०५१

श्रावण, अंक ४, निर्णय नं.४८९५, मिति २०५१।१।२५) विपरित छ । संविधानको धारा १६ अनुसार "प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ ।" साथै सोही धारामा भएको "कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन" भन्ने व्यवस्थाका हकमा विपक्षी मन्त्रिपरिषद् सचिवालय तथा जलश्रोत मन्त्रालयबाट विद्युतव्यापार सम्झौता तथा त्यससंग सम्बन्धित सूचना र कागजपत्रहरु के कुन कानूनबमोजिम गोप्य राख्नु पर्ने हो तथा के कति आधारमा उक्त सन्धि र सूचनाहरु सार्वजनिक गर्न नमिल्ने हो भन्ने कुनै जवाफ दिने कार्य भएको छैन । यसरी कुनै संवैधानिक वा कानूनी आधारहरु उल्लेख नगरी सार्वजनिक चासो र महत्वका कुनै पनि सूचनाहरु दिनबाट इन्कार गर्ने वा अनावश्यक रुपमा गैरकानूनी ढंगले आल्टाल् गर्ने अधिकार विपक्षी जलश्रोत मन्त्रालय लगायत कुनै पनि विपक्षीहरुलाई छैन ।

(ख) दोश्रो कुरा, विपक्षी जलश्रोत मन्त्रालयले लेखेको मिति २०५२।१२।२२ को पत्रमा विद्युतशक्तिको व्यापार लगायतका सन्धिहरु "प्रचलित नेपाल सन्धि ऐन, २०४७ को दफा १२ बमोजिम संसदबाट अनुमोदन भएपछि सम्बन्धित सन्धिहरु सार्वजनिक जानकारीका लागि नेपाल राजपत्रमा प्रकाशित गर्नुपर्ने अनिवार्य व्यवस्था भएको पृष्ठभूमिमा सो बमोजिम राजपत्रमा प्रकाशन हुने नै हुंदा अवगत गर्नु हुन अनुरोध छ" भनी गैरसंवैधानिक तथा गैरकानूनी जवाफ दिइएको छ । यदि श्री ५ को सरकारले कुनै विदेशी राष्ट्र वा निकायसंग गर्ने द्वीपक्षिय वा बहुपक्षीय सन्धिहरु संविधानको धारा १२६ बमोजिम संसदबाट अनुमोदन नभई वा नेपाल सन्धि ऐन, २०४७ बमोजिमका औपचारिकताहरु पुरा नगरी तिनका बारेमा नेपाली नागरिकहरुलाई कुनै जानकारी नै हुन नहुने हो भने संविधानको

धारा १६ मा भएको सूचनाको हकसम्बन्धी प्रावधानको कुनै प्रयोजन रहँदैन । यसरी सूचनाको संवैधानिक हकलाई कमजोर बनाउने, सीमित गर्ने वा गलत व्याख्या गर्ने अधिकार विपक्षीहरुलाई छैन ।

(ग) तेश्रो कुरा, संविधानको धारा १२६(२)(घ) अन्तर्गत प्राकृतिक श्रोत तथा त्यसको उपयोगको बाँडफाँडसंग सम्बन्धित सन्धि "राष्ट्रलाई व्यापक, गम्भीर वा दीर्घकालीन असर" पार्ने प्रकृतिको सन्धि भए त्यसको "अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन संसदको दुबै सदनको संयुक्त बैठकमा उपस्थित सदस्यहरुको दुई-तिहाई बहुमतले गर्नुपर्ने शर्त" सम्बन्धित कानूनमा राखिनु पर्ने व्यवस्था गरेको छ । सोही अनुसारको व्यवस्था नेपाल सन्धि ऐन, २०४७ को दफा ५ मा गरिएको छ । कुनै सन्धिबाट "राष्ट्रलाई व्यापक, गम्भीर वा दीर्घकालीन असर" नहुने अवस्थामा मात्र "प्रतिनिधिसभाको बैठकमा उपस्थित सदस्यहरुको साधारण बहुमतबाट" त्यस्ता सन्धिलाई आवश्यक अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गरेमा पर्याप्त हुने प्रावधान धारा १२६(२((१) मा छ । तर यसरी अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनको संसदीय प्रक्रिया पुरा नभई कुनै पनि सन्धिहरु नेपाल अधिराज्यको हकमा लागू भएको मान्न नसकिने व्यवस्था सोही धारा १२६(३) मा गरिएको छ । प्रस्तुत सम्झौता प्राकृतिक श्रोत तथा त्यसको उपयोगको बाँडफाँडसंग सम्बन्धित सम्झौता भएकाले यसको अनुमोदन संसदबाट हुनु पर्ने तथ्य निर्विवाद छ । संसदमा उक्त सम्झौता प्रस्तुत भईसकेपछि त्यसको अनुमोदन हुन पनि सक्छ, र नहुन पनि सक्छ । यदि श्री ५ को सरकारले अरु राष्ट्र वा निकायसंग गर्ने कुनै पनि सन्धिहरु संसदमा व्यापक छलफल र बहसका आधारमा अनुमोदन वा अस्वीकारमध्ये जे पनि हुन सक्ने संविधानको उद्देश्य र भावनालाई उल्लंघन गर्ने हो भने संविधानको धारा १२६ को पनि कुनै प्रयोजन रहँदैन । तसर्थ

श्री ५ को सरकारले संसदसमक्ष अनुमोदनका लागि पेश गर्ने कुनै सन्धिलाई संसदले अस्वीकार पनि गर्न सक्छ, र कतिपय अवस्थामा त्यसरी अस्वीकार नै गर्नुपर्ने पनि हुन्छ भन्ने संविधानको धारा १२६ को मुख्य भावना र उद्देश्य हो । तर विपक्षी जलश्रोत मन्त्रालयको मिति २०५२।१२।२२ को पत्र अनुसार विद्युतशक्तिको व्यापारसम्बन्धी सम्झौता संसदबाट अनुमोदन हुने भएकाले नेपाल सन्धि ऐनको दफा १२ अनुसार राजपत्रमा प्रकाशित भइसकेपछि स्वतः सार्वजनिक जानकारीमा आउने अर्थ लगाइएको छ । यसबाट सूचनाको हकलाई जबर्जस्ती दमन गरेर यस सम्झौतालाई जसरी भए पनि आफ्नै स्वेच्छाचारी ढाँचा र स्वरुपमा अनुमोदन गराएरै छोड्ने भन्ने किसिमको दुर्भावना र बदनियत विपक्षीहरुमा स्पष्ट रुपमा प्रतिबिम्बित हुन्छ । तर यथार्थमा उक्त सम्झौतामा कुनै पनि कारणवशः संसदबाट अनुमोदन भएन भने त्यो राजपत्रमा समेत प्रकाशित हुन सक्दैन । यसरी नेपाल राजपत्रमा विद्युतशक्तिको व्यापारसम्बन्धी सम्झौता नै प्रकाशित नहुने अवस्था श्रृजना भएमा नेपाली नागरिकहरुको यस सम्झौतालाई हेर्ने, पढ्ने र बुझ्ने मौका, अवसर र संवैधानिक अधिकारको पूर्णतः उल्लंघन हुने अवस्था श्रृजना हुनेछ । यस अवस्थामा निवेदकहरुको यस्तो सूचनाको नैसर्गिक मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने एकमात्र निकाय सम्मानित सर्वोच्च अदालतमात्र भएकोले हामी यो निवेदनसहित समयमै उपस्थित हुन वाध्य भएका छौं ।

(घ) चौथो कुरा, सार्वजनिक महत्वका सूचनाहरु नेपाली नागरिकहरुलाई उपलब्ध गराउने सम्बन्धमा विद्यमान संवैधानिक तथा कानूनी प्रावधान एवं सूचनाको हकसम्बन्धी विभिन्न मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजीरहरुको अर्थ त्यस्ता सूचनाहरुको निर्वाध प्रवाहरुलाई हरबखत सुनिश्चित गर्नु हो । यदि नेपाल राजपत्रमा श्री ५ को

सरकारद्वारा निर्णय भएबमोजिम प्रकाशित विभिन्न सूचना र सामग्रीहरुलाई मात्र सार्वजनिक महत्वका सूचनाबारे जानकारी राख्न सकिने निर्विकल्प माध्यमका रुपमा स्वीकार गर्ने हो भने उल्लेखित संवैधानिक तथा कानूनी प्रावधान र न्यायिक सिद्धान्तहरुको कुनै औचित्य रहँदैन । कानूनबमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशित गर्नु त श्री ५ को सरकारको नियमित कार्यसम्पादनको एक आंशिक कर्तव्य र सिलसिलामात्र हो । यसरी नागरिहरुको निर्वाध सूचनाको हकलाई कुनै पनि अवस्थामा कुण्ठित वा सीमित गर्ने हतियारका रुपमा नेपाल राजपत्रलाई प्रयोग गर्नु विपक्षी जलश्रोत मन्त्रालयको सरासर बदनियत भएको तथ्य स्वतः प्रमाणित हुन आएको छ ।

(ङ) पाँचौ कुरा, नागरिकहरुको सूचनाको हकलाई नेपालले अनुमोदन गरेको नागरिक तथा राजनीतिक अधिकारका अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९ ले पनि संरक्षण गरेको छ । उक्त अनुबन्धलाई अनुमोदन गर्ने राज्यपक्षहरुमाथि वाध्यात्मक दायित्व (Binding Obligations) श्रृजना गर्ने शक्तिशाली संयुक्त राष्ट्र संघीय सन्धि हो । यस्तो सन्धि संसदको अनुमोदनका प्रक्रियाबाट मुक्त हुने र नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) अनुसार नेपालमाथि कानूनसरह लागू हुने व्यवस्था छ । उक्त मानव अधिकार सन्धिको धारा १९ अनुसार यदि विद्युतव्यापार सम्झौता तत्कालका निमित्त गोप्य सन्धि हो भन्ने मान्यता विपक्षीहरुले लिनु भएको हो भने त्यसलाई कानूनबमोजिम पुष्टि गर्न सक्नु पर्दछ । उक्त सम्झौतालाई सार्वजनिक गर्नाले यसले देशको राष्ट्रिय सुरक्षा तथा प्रजातान्त्रिक समाजका निमित्त अनिवार्य सार्वजनिक व्यवस्था र भलाईमा प्रतिकूल असर पर्दछ भन्ने प्रमाणित गर्नु पर्दछ । तर विद्युत व्यापारको स्वरुप र ढाँचा यस्तो प्रकृतिको छ भन्ने जवाफ विपक्षीहरुले दिन सक्नु भएको छैन । यदि उक्त सन्धिलाई सार्वजनिक नगर्ने हो भने र यस मानव अधिकार सन्धिद्वारा निर्धारित आधार र अवस्थाहरु यस सम्झौताका

हकमा पर्याप्त मात्रामा विद्यमान छन् भने तिनलाई कानूनतः स्थापित गर्न सक्नुपर्दछ । तर निवेदकहरुलाई विद्युतव्यापार सम्झौता तथा सम्बन्धित सूचनाहरु इन्कार गर्ने क्रममा यस्ता कुनै पनि कानूनी आधारहरु उल्लेख नगरी स्वेच्छाचारी ढंगले ठाडो जवाफ दिने कार्य भएको छ । माथि उल्लेखित सम्झौताहरुलाई संसदमा अनुमोदन गरिने भनिए तापनि उक्त समयभन्दा पहिले ती सन्धिहरुका बारेमा नेपाली जनताले जानकारी राख्न किन नमिल्ने हो भन्ने प्रश्नको जवाफ दिने कार्य भएको छैन । यसको अर्थ यी सन्धिहरुलाई प्रचलित संविधान, कानून तथा नेपालले अनुमोदन गरेको नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्धको धारा १९ विपरित गोप्य राख्ने दुष्प्रयत्न गरिएको निश्चित छ । साथै, यसरी गैरसंवैधानिक एवं गैरकानूनी रुपमा गोप्य राखिएका सन्धिहरुलाई जसरी भए पनि संसदको दुई तिहाईबाट अनुमोदन गराउने र त्यसपछि मात्र नेपाल राजपत्र मार्फत जनसमक्ष ल्याउने भन्नुबाट विपक्षीहरुको नियत नेपालको संविधानको भावना, प्रचलित नेपाल कानून तथा नेपाल र नेपाली नागरिकहरुका निर्वाध सूचना प्रवाहको हक र अधिकार विपरित भएको तथ्य निर्विवाद रुपमा स्थापित हुन आएको छ ।

(च) छैठौं कुरा, विभिन्न संचार माध्यमहरुमा प्रकाशित सूचना र समाचार अनुसार विद्युतव्यापार सम्झौतालाई लागू गर्ने कार्यसंग सम्बन्धित कतिपय संयुक्त अध्ययन गर्ने तथा प्रतिवेदनहरु तयार गर्ने कार्यहरु श्री ५ को सरकारका तर्फबाट हुन लागेको भन्ने पनि थाहा हुन आएको छ । तर संसदबाट अनुमोदनको प्रक्रिया नै पुरा नगरी अथवा पछि गएर संसदबाट अस्वीकार पनि हुनसक्ने यस सम्झौतालाई कार्यान्वयन गर्ने प्रकृतिका कुनै पनि कार्यहरु प्रारम्भ गर्ने अधिकार हाल विपक्षीहरुलाई छैन ।

७. निवेदकहरुको हकदैयाका सम्बन्धमा, प्रस्तुत निवेदनमा उठाइएका विवाद र तिनका विषयवस्तु संविधान, कानून तथा सम्मानित अदालतबाट विभिन्न मुद्दाहरुमा प्रतिपादित सिद्धान्तहरुमा आधारित छन् । यस परिप्रेक्ष्यमा विद्युत व्यापार सम्झौता के कसरी सार्वजनिक चासो र महत्वको विषय हो तथा के कसरी यस सम्बन्धमा संविधानको धारा १६ तथा धारा ८८(२) आकर्षित हुन सक्छन् भन्ने विषयमा माथि विभिन्न हरफहरुमा प्रशस्त विवेचना भइसकेको छ । साथै, यसबाट निवेदकहरु लगायत कुनै पनि नेपाली नागरिकहरुको हकदैया विद्युत व्यापारसम्बन्धी सम्झौताका हकमा के कसरी स्थापित भएको छ भन्ने विषयमा अधिवक्ता बालकृष्ण न्यौपाने वि. मन्त्रीपरिषद् सचिवालय समेत भएको टनकपुर बाँध (२०४९ को रीट नं. १८५१, मिति २०४९।८।३०) तथा गोपाल सिवाकोटी वि. श्री ५ को सरकार, अर्थ मन्त्रालय समेत भएको (नेपाल कानून पत्रिका, भाग ३६, २०५१ श्रावण, अंक ४, निर्णय नं.४८९५, मिति २०५१।१।२५) भएको अरुण-३ आयोजनासम्बन्धी मुद्दामा स्पष्ट रुपमा व्याख्या भइसकेकाले यसमा पुनरावृत्ति गर्न आवश्यक ठानिएको छैन ।

८. यसर्थ विपक्षी मध्येका सम्माननीय प्रधानमन्त्रीको भारत भ्रमणका अवसरमा विद्युतशक्तिको व्यापारका सम्बन्धमा यथार्थमा के कस्तो सन्धि भएको छ भन्ने लगायतका विषयहरुमा विपक्षीहरुको लिखितजवाफबाट जानकारी प्राप्त भए पछि तिनको संवैधानिक एवं कानूनी वैधताका विषयमा यो मुद्दाको अन्तिम सुनुवाई हुँदाका बखत स-विस्तार खण्डन गरी सोहीबमोजिम बदरको माग गर्नेछौं । हाल श्री ५ को सरकार, मन्त्रिपरिषद् सचिवालय तथा जलश्रोत मन्त्रालयले सूचनाको हकलाई इन्कारी गरेका पत्रहरु तथा विभिन्न सरकारी एवं गैरसरकारी संचार माध्यमहरु मार्फत यी सन्धिहरुका बारेमा प्राप्त प्रकाशित समाचारहरुका आधारमा यो निवेदन दर्ता गर्न आएका छौं ।

९. अतः माथि उल्लेखित तथ्य तथा कानून र प्रमाणका आधारमा सम्माननीय प्रधानमन्त्रीको भारत भ्रमणका अवसरमा सम्पन्न विद्युतशक्तिको व्यापार तथा त्यससंग सम्बन्धित समपूर्ण सूचना, पत्राचार, अनुसूचि र जो भएका अन्य सबै कागजपत्र तथा दस्तावेजहरु संविधानको धारा १६ बमोजिम सम्मानित अदालतमार्फत निवेदकहरुलाई उपलब्ध गराउनु भनी संविधानको धारा २३ तथा ८८(२) तथा सूचनाको हकका विषयमा विभिन्न मुद्दामा सम्मानित अदालतबाट स्थापित नजीरहरुका आधारमा विपक्षीहरुका नाममा उत्प्रेषण लगायत जो चाहिने अन्य आज्ञा, आदेश वा पूर्जी जारी गरी पाउँ । साथै उक्त सन्धिलाई सार्वजनिक गरी त्यसलाई संविधानको धारा १२६ तथा नेपाल सन्धि ऐन, २०४७ अन्तर्गत आवश्यक अनुमोदन वा समर्थन गर्ने कार्य सम्पन्न भइसके पछिमात्र विद्युतशक्तिको व्यापारसम्बन्धी सम्झौता र सम्बन्धित दस्तावेजहरुमा उल्लेखित कुनै पनि प्रावधानहरु अनुरुपका दायित्वहरुका श्रृजना हुने हुनाले यस्तो अनुमोदनको प्रत्रिया पूरा नभएसम्मका लागि यस सम्झौताबाट प्रत्यक्ष वा अप्रत्यक्ष नेपाल र नेपाली नागरिकहरुमाथि कुनै पनि किसिमका् आर्थिक, भौतिक, वातावरणीय, संवैधानिक, कानूनी वा अन्य कुनै पनि दायित्व (Obligations) र भार (Burden) श्रृजना हुने कुनै पनि कार्यहरु नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम विपक्षीहरुका नाममा अन्तरिम आदेश समेत जारी गरी पाउँ ।

१०. यो रिद निवेदन दर्ता गर्ने हदम्यादका सम्बन्धमा अधिवक्ता गोपाल सिवाकोटी विरुद्ध अर्थ मन्त्रालय समेत भएको अरुण-३ सम्बन्धी मुद्दा (ने.का.प., भाग ३६ , २०५१ श्रावण, अंक ४, हरफ ४०(७), पृष्ठ २७८) मा प्रतिपादित नजीर तथा सूचनाको हक प्रचलन गर्ने गराउनेसम्बन्धी निर्धारित कार्याविधि अन्तर्गत विपक्षी जलश्रोत मन्त्रालयले विद्युतशक्तिको व्यापारसम्बन्धी सम्झौताका सम्बन्धमा सूचनाको हकको इन्कारी गरेको मितिले ७ दिनभित्र उपस्थित भएका छौं ।

११. विपक्षी मध्येका सम्मानित प्रधानमन्त्रीको भारत भ्रमणका अवसरमा श्री ५ को सरकार र भारत सरकारकाबीच सम्पन्न विद्युतशक्तिको व्यापारसम्बन्धी सम्झौता सम्मानित अदालतबाटै झिकाई बुझी पाउँ ।

१२. संलग्न कागजपत्र तथा विभिन्न पत्रिकाका फोटोकपीहरु:

(क) विपक्षी जलश्रोत मन्त्रालयको मिति २०५२।१२।२२ को पत्र १

(ख) विपक्षी मन्त्रिपरिषद् सचिवालयको मिति २०५२।१२।१३ को पत्र १

(ग) निवेदकका तर्फबाट मिति २०५२।१२।११ मा प्रेषित निवेदनहरु ६

(घ) मिति २०५२ फागुन ६ गतेको गोरखापत्रमा प्रकाशित समाचारको अंश १

(ङ) Text of the Joint Statement issued at the end of Prime Minister Sher Bahadur Deuba's visit to India, February 11-17, 1996, *The Independent*, February 21, 1996, Kathmandu १

१३. यो निवेदन इजलाशसमक्ष पेश हुँदा निवेदकहरुका तर्फबाट रहनु हुने कानून व्यवसायीहरुले गर्नु हुने बहस जिकिरलाई यसै निवेदनको अभिन्न अंग मानी पाउँ ।

१४. लेखिएको बेहोरा ठीक साँचो छ । झुठा ठहरे कानूनबमोजिम सहने बुझाउने छौं ।

निवेदकहरु

हाल का.न.पा. वडा नं. ३२ पुतलीसडक वस्ने वर्ष ३५ को अधिवक्ता गोपाल सिवाकाटी ।

ऐं ऐं वडा नं. ३१ वस्ने वर्ष ३५ को अधिवक्ता चन्द्रमणि अधिकारी ।

ऐं ऐं वडा नं. ३१ पुतलीसडक वस्ने वर्ष ३९ को राधेश्याम गुप्त ।

इति सम्बत् २०५२ साल चैत २७ गते रोज ३ शुभम् ।

खण्ड-३

मौलिक हक, राज्यका निर्देशक नीति तथा सिद्धान्तहरु तथा संसदबाट सन्धि-सम्झौताहरुको अनुमोदनसम्बन्धी भएका संवैधानिक एवं कानूनी व्यवस्थाहरु

१. नेपालको संविधान २०४७ को भाग ३ मा धारा ११ देखि २३ सम्म भएका मौलिक हकसम्बन्धी व्यवस्थाहरु

"११. <u>समानताको हक</u>: (१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

(२) सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाती वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन ।

(३) राज्यले नागरिकहरुका बीच धर्म, वर्ण, लिङ्ग, जात, जाती वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन ।

तर महिला, बालक, वृद्ध वा शारीरिक वा मानसिक रुपले अशक्त व्यक्ति वा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पिछडिएको वर्गको संरक्षण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिनेछ ।

(४) कुनै पनि व्यक्तिलाई जातिपातीका आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक

उपयोगका कुराहरुको प्रयोग गर्नबाट वञ्चित गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ ।

(५) समान कामका लागि महिला र पुरुषका बीच पारिश्रमिकमा भेदभाव गरिने छैन ।

१२. स्वतन्त्रताको हकः (१) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन र मृत्युदण्डको सजाय हुने गरी कुनै कानून बनाइने छैन ।

(२) सबै नागरिकलाई देहायको स्वतन्त्रता हुनेछः

(क) विचार र अभिव्यक्तिको स्वतन्त्रता;

(ख) बिनाहातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता;

(ग) संघ र संस्था खोल्ने स्वतन्त्रता;

(घ) अधिराज्यभरि आवतजावत र बसोबास गर्ने स्वतन्त्रता; र

(ङ) कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता ।

तर –

(१) खण्ड (क) को कुनै कुराले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरुका बीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गालीवेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्सान दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

(२) खण्ड (ख) को कुनै कुराले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

(३) खण्ड (ग) को कुनै कुराले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरुका बीचको सुसम्बन्धमा खलल पर्ने वा हिंसात्मक कार्य गर्न दुरुत्साहित गर्ने वा सार्वजनिक नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

(४) खण्ड (घ) को कुनै कुराले सर्वसाधारण जनताको हित वा विभिन्न जात, जाति वा सम्प्रदायहरुका बीचको सुसम्बन्धमा खलल पर्ने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन।

(५) खण्ड (ङ) को कुनै कुराले सर्वसाधारण जनताको सार्वजनिक स्वास्थ्य वा नैतिकताको प्रतिकूल हुने कार्यमा रोक लगाउने वा कुनै खास उद्योग, व्यापार वा सेवा राज्यले मात्र सञ्चालन गर्ने वा कुनै उद्योग, व्यापार, पेशा वा रोजगार गर्नका लागि कुनै शर्त वा योग्यता तोक्ने गरी कानून बनाउन रोक लगाएको मानिने छैन।

१३. <u>छापाखाना र पत्रपत्रिका सम्बन्धी हक</u>: (१) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामग्री प्रकाशित गर्न पूर्व-प्रतिबन्ध लगाइने छैन।

तर नेपाल अधिराज्यको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरुका बीचको सुसम्बन्धमा खलल पर्ने वा राजद्रोह, गालीबेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन।

(२) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामग्री मुद्रण गरेबापत छापाखाना बन्द वा जफत गरिने छैन।

(३) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य-सामग्री प्रकाशित गरे बापत कुनै समाचार पत्र वा कुनै पत्रिकाको दर्ता खारेज गरिने छैन।

१४. <u>फौजदारी न्यायसम्बन्धी हक</u>: (१) तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन।

(२) कुनै पनि व्यक्तिउपर अदालतमा त्यसै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन ।

(३) कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन ।

(४) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन । त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारित गरे बमोजिम क्षतिपूर्ति दिइनेछ ।

(५) पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना यथाशक्य चाँडो नदिई थुनामा राखिने छैन र त्यस्तो व्यक्तिलाई आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने हकबाट बञ्चित गरिने छैन ।

<u>स्पष्टीकरण:-</u> यस उपधाराको प्रयोजनको लागि "कानून व्यवसायी" भन्नाले कुनै अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न कानूनले अधिकार दिएको व्यक्तिलाई जनाउँछ ।

(६) पक्राउ गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई पक्राउ भएको ठाउँबाट बाटाको म्याद बाहेक चौबिस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनु पर्छ र कुनै पनि व्यक्तिलाई त्यस्तो अधिकारीको आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा राखिने छैन ।

(७) उपधारा (५) र (६) मा लेखिएका कुराहरु शत्रुराज्यको नागरिकका हकमा र उपधारा (६) मा लेखिएका कुराहरु निवारक नजरबन्द राख्ने व्यवस्था गर्ने कुनै कानून अन्तर्गत पक्राउ भएको वा नजरबन्द रहेको व्यक्तिको हकमा लागू हुने छैन ।

१५. <u>निवारक नजरबन्द विरुद्धको हक</u>: (१) नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन ।

(२) निवारक नजरबन्द राख्ने अधिकारीले कानून विपरित वा बदनियतपूर्वक कसैलाई नजरबन्द राखेमा नजरबन्द रहेको व्यक्तिले कानूनद्वारा तोकिए बमोजिम क्षतिपूर्ति पाउनेछ ।

१६. सूचनाको हकः प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ ।

तर यस धारामा लेखिएको कुनै कुराले कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाएको मानिने छैन ।

१७. सम्पत्तिको हकः (१) सबै नागरिकलाई प्रचलित कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।

(२) सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन ।

(३) सार्वजनिक हितको लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकारको सिर्जना गर्दा दिनु पर्ने क्षतिपूर्ति, त्यसको आधार र कार्य प्रणाली कानूनद्वारा निर्धारित गरिए बमोजिम हुनेछ ।

१८. संस्कृति तथा शिक्षा सम्बन्धी हकः (१) नेपाल अधिराज्यमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने अधिकार हुनेछ ।

(२) प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाउनेछ ।

१९. धर्म सम्बन्धी हकः (१) प्रत्येक व्यक्तिलाई प्रचलित परम्पराको मर्यादा राखी सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन र अभ्यास गर्ने स्वतन्त्रता हुनेछ ।

तर कसैले कसैको धर्म परिवर्तन गराउन पाउने छैन ।

(२) प्रत्येक धार्मिक सम्प्रदायलाई कानून बमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुनेछ ।

२०. शोषण विरुद्धको हक: (१) मानिसलाई बेचबिखन गर्न, दास तुल्याउन, बाँधा बनाउन वा कुनै किसिमले निजको इच्छा विरुद्ध काम गराउन निषेध गरिएको छ । त्यस्तो कार्य कानूनद्वारा दण्डनीय हुनेछ ।

तर सार्वजनिक प्रयोजनका लागि कानूनद्वारा अनिवार्य सेवाको व्यवस्था गर्न बाधा पर्ने छैन ।

(२) नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाइने छैन ।

२१. देशनिकाला विरुद्धको हक: कुनै पनि नागरिकलाई देशनिकाला गरिने छैन ।

२२. गोपनियताको हक: कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको गोपनियता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ ।

२३. संवैधानिक उपचारको हक: यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा ८८ मा लेखिएको तरिका अनुसार कारबाई चलाउन पाउने हक सुरक्षित गरिएको छ ।" *(यो धारा ८८ माथि खण्ड-१ मा परिसकेको छ, त्यहीं हेर्नें) ।*

२. नेपालको संविधान २०४७ को भाग ४ को धारा २४ देखि २६ सम्म उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु

"२४. निर्देशक सिद्धान्त तथा नीतिहरुको प्रयोग: (१) यस भागमा लेखिएका सिद्धान्त तथा नीतिहरु कुनै अदालतबाट लागू गरिने छैनन् ।

(२) यस भागमा लेखिएका सिद्धान्त तथा नीतिहरु राज्यको क्रियाकलाप र शासन व्यवस्थाको मुख्य मार्ग निर्देशकको रुपमा रहनेछन् र देशको उपलब्ध स्रोत र साधन अनुसार कानून बनाई क्रमशः कार्यान्वयन गरिनेछ।

२५. <u>राज्यका निर्देशक सिद्धान्तहरुः</u> (१) जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गरी सामाजिक, आर्थिक एवं राजनैतिक क्षेत्र लगायत राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गरी खुला समाजमा आधारित लोककल्याणकारी व्यवस्थाको अभिवृद्धि गर्नु राज्यको प्रमुख उद्देश्य हुनेछ।

(२) देशको उपलब्ध आर्थिक स्रोत र साधनलाई सीमित व्यक्तिहरुमा केन्द्रित हुन नदिई सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धिको न्यायोचित वितरणको व्यवस्था मिलाई कुनै पनि वर्ग वा व्यक्ति उपर आर्थिक शोषण हुन नपाउने व्यवस्था गरी स्वदेशी निजी एवं सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र एवं आत्मनिर्भर गराउनु राज्यको मूलभूत आर्थिक उद्देश्य हुनेछ।

(३) सबै किसिमका आर्थिक एवं सामाजिक असमानता हटाई विभिन्न जात, जाति, धर्म, भाषा, वर्ण र सम्प्रदायका बीच सामन्जस्य स्थापना गरी न्याय र नैतिकतामा आधारित स्वस्थ सामाजिक जीवनको स्थापना र विकास गर्नु राज्यको सामाजिक उद्देश्य हुनेछ।

(४) समाजमा शान्ति र व्यवस्था कायम गरी मानव अधिकारहरुको संरक्षण र सम्बर्द्धन गर्दै सार्वजनिक हितको प्रवर्द्धन गर्ने र विकेन्द्रीकरणको माध्यमद्वारा जनतालाई शासनमा अधिकाधिक मात्रामा सम्मिलिन हुने अवसर जुटाई प्रजातन्त्रका लाभहरुको उपभोग गर्नसक्ने व्यवस्था कायम गर्नु राज्यको मुख्य दायित्व हुनेछ।

(५) देशको सार्वभौमसत्ता, अखण्डता र स्वतन्त्रतालाई कायम राखी अन्तरराष्ट्रिय जगतमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्ने दिशामा राज्यको अन्तरराष्ट्रिय सम्बन्ध निर्देशित हुनेछ।

२६. <u>राज्यका नीतिहरु</u>: (१) देशका विभिन्न भौगोलिक क्षेत्रहरुको सन्तुलित विकासको लागि आर्थिक लगानीको न्यायोचित वितरण गरी सबै क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य, आवास र रोजगारी जस्ता आधारभूत कुराहरुको विकास गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।

(२) विभिन्न धर्म, जात, जाति, सम्प्रदाय र भाषाभाषिहरुका बीच स्वस्थ एवं सुमधुर सामाजिक सम्बन्ध विकसित गरी सबैको भाषा, साहित्य, लिपि, कला र संस्कृतिको विकासद्वारा देशको सांस्कृतिक विविधता कायमै राखी राष्ट्रिय एकतालाई सुदृढ गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।

(३) राष्ट्रिय हित अनुकूल उपयोगी एवं लाभदायक रुपमा देशको प्राकृतिक स्रोत तथा सम्पदाको परिचालन गर्ने नीति राज्यले अवलम्बन गर्नेछ ।

(४) जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकास सम्बन्धी क्रियाकलापहरुद्वारा वातावरणमा पर्न जाने प्रतिकूल असरहरु पर्न नदिन एवं वातावरणको संरक्षण गर्न राज्यले प्राथमिकता दिनेछ र दुर्लभ बन्यजन्तु, वन र वनस्पतिको विशेष संरक्षण गर्ने व्यवस्था गर्नेछ ।

(५) राज्यले कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाहरुको सिर्जना गर्ने र भूमि सूधार कार्यक्रम संचालन गरी कृषिलाई उद्योगको रुपमा विकास गर्नेछ ।

(६) देशको मुख्य सामाजिक-आर्थिक शक्तिको रुपमा रहेको श्रम शक्तिलाई क्रमशः रोजगार उपलब्ध गराई काम पाउने अधिकार सुनिश्चित गरी उनीहरुको हक र हितको संरक्षण गर्दै उद्यमको व्यवस्थापनमा सहभागिता बढाउने नीति राज्यले अवलम्बन गर्नेछ ।

(७) महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा अधिकाधिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्नेछ ।

(८) राज्यले बालबालिकाको शोषण हुन नदिई उनीहरुको हक र हितको रक्षा गर्न आवश्यक व्यवस्था गर्नेछ र निःशुल्क शिक्षा सहित गर्ने व्यवस्था क्रमशः गर्दै जानेछ।

(९) राज्यले अनाथ बालबालिका, असहाय महिला, वृद्ध, अपांग र अशक्तहरुको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ।

(१०) शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी आर्थिक तथा सामाजिक रुपले पिछडिएका जनजाति र समुदायको उत्थान गर्ने नीति राज्यले अवलम्बन गर्नेछ।

(११) देशको समुन्नतिका लागि विज्ञान तथा प्रविधिको विकासलाई प्राथमिकता दिने नीति राज्यले अवलम्बन गर्नुका साथै स्थानीय प्रविधिको विकास तर्फ पनि ध्यान दिनेछ।

(१२) राष्ट्रिय विकासको लागि स्वदेशी लगानीको प्रवर्द्धन गर्दै देशमा वैदेशिक पूँजी र प्रविधिलाई आकर्षित गर्ने नीति राज्यले अवलम्बन गर्नेछ।

(१३) बहुसंख्यक ग्रामीण जनताको हितलाई ध्यानमा राखी ग्रामीण विकासको गतिलाई तीव्रतर बनाउँदै लैजाने नीति राज्यले अवलम्बन गर्नेछ।

(१४) कानूनी राज्यको सिद्धान्त अनुरुप सबैलाई समान रुपमा न्याय उपलब्ध गराउन असमर्थ पक्षको प्रतिनिधित्वका लागि निःशुल्क कानूनी सेवा उपलब्ध गराउने नीति राज्यले अवलम्बन गर्नेछ।

(१५) संयुक्त राष्ट्र संघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तरराष्ट्रिय कानून र विश्वशान्तिको मान्यताको आधारमा नेपालको परराष्ट्र नीति सञ्चालित हुनेछ।

(१६) छिमेकी मित्रराष्ट्रहरु र संसारका अरु सबै मुलुकहरुसित आर्थिक, सामाजिक एवं अन्य क्षेत्रमा समानताको आधारमा सहयोगात्मक सुसम्बन्ध कायम गरी नेपालमा शान्तिलाई अन्तरराष्ट्रिय मान्यताको आधारमा संस्थागत गर्दै जाने नीति राज्यले अवलम्बन गर्नेछ।"

३. नेपालको संविधान २०४७ को भाग २० को धारा १२६ मा भएको खास किसिमका सन्धि-सम्झौताहरुलाई संसदबाट अनुमोदन गर्नुपर्नेसम्बन्धी व्यवस्था

"१२६. <u>सन्धि वा सम्झौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनः</u> (१) नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष हुने सन्धि वा सम्झौताहरुको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन कानूनद्वारा निर्धारित भए बमोजिम हुनेछ ।

(२) उपधारा (१) बमोजिम कानून बनाउँदा अरु कुराका अतिरिक्त देहायका विषयका सन्धि वा सम्झौताहरुको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन संसदको दुवै सदनको संयुक्त बैठकमा उपस्थित सदस्यहरुको दुई-तिहाइ बहुमतले गर्नुपर्ने शर्त राखिनेछः

(क) शान्ति र मैत्री;
(ख) सुरक्षा एवं सामरिक सम्बन्ध;
(ग) नेपाल अधिराज्यको सिमाना; र
(घ) प्राकृतिक श्रोत तथा त्यसको उपयोगको बाँडफाँड ।

तर खण्ड (क) र (घ) मा उल्लेखित विषयका सन्धि वा सम्झौताहरु मध्ये राष्ट्रलाई व्यापक, गम्भीर वा दीर्घकालीन असर नपर्ने साधारण प्रकृतिका सन्धि वा सम्झौताहरुको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन प्रतिनिधि सभाको बैठकमा उपस्थित सदस्यहरुको साधारण बहुमतबाट हुन सक्नेछ ।

(३) यो संविधान प्रारम्भ भएपछि हुने कुनै सन्धि वा सम्झौता यस धारा बमोजिम अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन नभएसम्म श्री ५ को सरकार वा नेपाल अधिराज्यको हकमा लागू भएको मानिने छैन ।

(४) उपधारा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल अधिराज्यको प्रादेशिक अखण्डतामा प्रतिकूल असर पर्ने गरी कुनै सन्धि वा सम्झौता गरिने छैन ।

४. नेपाल सन्धि ऐन, २०४७ मा भएका व्यवस्थाहरु

"२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "सन्धि" भन्नाले दुई वा दुई भन्दा बढी राज्यहरु वा कुनै राज्य र अन्तर सरकारी सङ्गठनबीच लिखित रुपमा सम्पन्न भएको सम्झौता सम्झनु पर्दछ र सो शब्दले यसै प्रकृतिको जुनसुकै नामाकरण गरिएको लिखत समेतलाई जनाउनेछ ।

(ख) "पूर्णाधिकार" भन्नाले सन्धि वार्ता गर्न वा सन्धिको अन्तिम मस्यौदा वा प्रामाणिक प्रति स्वीकार गर्न वा सन्धिमा हस्ताक्षर गर्न अख्तियारी दिई श्री ५ को सरकारले जारी गरेको अधिकार पत्र सम्झनु पर्छ र सो शब्दले त्यस्तो सन्धि वार्ता गर्दा वा सन्धि हस्ताक्षर गर्दा आरक्षण राख्न वा त्यस्तो सन्धि सम्बन्धमा अन्य कुनै काम गर्न प्रदान गरेको अख्तियारी समेतलाई जनाउनेछ ।

(ग) "आरक्षण" भन्नाले बहुपक्षीय सन्धिलाई हस्ताक्षर गर्दा वा त्यस्तो सन्धिको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्दा कुनै पक्षले सो सन्धिको कुनै प्रावधान आफूलाई लागू नहुने भनी गरेको घोषणा सम्झनु पर्छ र सो शब्दले त्यस्तो प्रावधानको व्याख्या कुनै पक्षले आफ्नो हकमा स्पष्ट गरी गरेको घोषणा समेतलाई जनाउनेछ ।

(घ) "सन्धि परित्याग" भन्नाले सन्धिमा उल्लेख भएको रीत पुऱ्याई सन्धि समाप्त गर्न गरेको घोषणा सम्झनुपर्छ ।

(ङ) "संविधान" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ सम्झनु पर्छ ।

३. सन्धि सम्पन्न गर्ने अधिकार: श्री ५ महाराजाधिराज, प्रधान मन्त्री र परराष्ट्र मन्त्री बाहेक अरु कसैले पूर्णाधिकार बिना नेपाल अधिराज्य वा श्री ५ को सरकारका तर्फबाट कुनै पनि सन्धि वार्ता गर्न वा सन्धिको अन्तिम मस्यौदा वा प्रामाणिक प्रति स्वीकार गर्न वा त्यस्तो सन्धिमा हस्ताक्षर गर्न वा आरक्षण राख्न वा तत्सम्बन्धी अन्य कुनै काम गर्न हुँदैन।

तर यस दफामा लेखिएको कुनै कुराले कुनै विदेशी राज्य वा अन्तर्राष्ट्रिय सङ्गठनमा प्रतिनिधित्व गर्ने शाही नेपाली राजदूत वा नियोग प्रमुखले त्यस्तो राज्य वा अन्तर सरकारी सङ्गठनसँग गर्ने जुनसुकै विषयको सन्धि सम्बन्धमा र कुनै अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिने प्रतिनिधि मण्डलका नेताबाट सो सम्मेलनमा गरिने सन्धिको सम्बन्धमा वार्ता गर्न वा सन्धिको अन्तिम मस्यौदा वा प्रामाणिक प्रति स्वीकार गर्न बाधा पर्ने छैन।

४. सन्धिको अनुमोदन तथा सम्मिलनको कार्यविधि: (१) संविधानको धारा १२६ को उपधारा (२) मा उल्लेख भएका विषयका सन्धि बाहेक अन्य विषयका सन्धिहरु मध्ये अनुमोदन, स्वीकृति वा समर्थन गर्नुपर्ने भनी व्यवस्था भएको सन्धिलाई अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन गर्नु परेमा वा कुनै सन्धिमा सम्मिलित हुन चाहेमा सो सम्बन्धी प्रस्ताव श्री ५ को सरकारले प्रतिनिधि सभामा पेश गर्नु पर्दछ।

(२) उपदफा (१) बमोजिम पेश भएकको सन्धिको अनुमोदन, स्वीकृति, समर्थन वा सम्मिलन सम्बन्धी प्रस्ताव प्रतिनिधि सभामा उपस्थित सदस्य संख्याको बहुमतबाट पारित हुनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रतिनिधि सभाबाट प्रस्ताव पारित भएपछि श्री ५ को सरकारले सो सन्धिमा भएको व्यवस्था बमोजिम अनुमोदन, स्वीकृति, समर्थन वा सम्मिलनको सूचना सम्बन्धित पक्ष वा अधिकारीलाई दिनेछ।

(४) कुनै अन्तर सरकारी सङ्गठनको स्थापना गर्ने वा त्यस्तो कुनै सङ्गठनको सदस्यता प्राप्त गर्ने सनिद वा प्रचलित कानूनको

प्रतिकूल हुने सन्धिको हकमा त्यस्तो सन्धिमा अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनको व्यवस्था नगरिएको भए तापनि प्रतिनिधि सभाबाट प्रस्ताव पारित नभएसम्म नेपाल अधिराज्य वा श्री ५ को सरकार त्यस्तो सन्धिको पक्ष हुन सक्ने छैन।

५. <u>केही खास सन्धिको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन:</u> (१) संविधानको धारा १२६ को उपधारा (२) मा उल्लेख भएका विषयका सन्धिको अनुमोदन, स्वीकृति वा समर्थन गराउनु पर्दा वा त्यस्तो सन्धिमा सम्मिलित हुने अनुमति प्राप्त गर्नु पर्दा श्री ५ को सरकारले यस सम्बन्धमा संसदमा प्रस्ताव पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको सन्धिको सम्बन्धमा संविधानको धारा १२६ को उपधारा (२) बमोजिम संसदबाट प्रस्ताव पारित भएपछि त्यस्तो सन्धिको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनको सूचना श्री ५ को सरकारले सो सन्धिमा उल्लेख भएको व्यवस्था अनुसार सम्बन्धित पक्ष वा अधिकारीलाई दिनेछ।

६. <u>श्री ५ को सरकारले हस्ताक्षर गरी सन्धि लागू गर्न सक्ने:</u> दफा ४ वा संविधानको धारा १२६ को उपधारा (२) मा उल्लेख भएका विषयका सन्धिहरु बाहेक अन्य जुनसुकै विषयका सन्धिमा श्री ५ को सरकारको निर्णयबाट हस्ताक्षर गरिसके पछि त्यस्तो सन्धिमा नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएको र त्यस्तो सन्धि स्वीकृत भएको मानिनेछ।

७. <u>सन्धिको परित्याग वा निलम्बन गर्न सकिने:</u> नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएको सन्धिमा अन्यथा व्यवस्था भएकोमा बाहेक त्यस्तो सन्धिलाई परित्याग गर्ने वा आंशिक वा पूरै निलम्बन गर्ने वा निलम्बन फुकुवा गर्ने अधिकार श्री ५ को सरकारलाई हुनेछ र त्यस्तो सन्धि दफा ४ वा संविधानको धारा १२६ को उपधारा (२) मा उल्लेख भएको सन्धिसँग सम्बन्धित रहेछ भने सो सम्बन्धी जानकारी प्रतिनिधि सभालाई दिनु पर्नेछ।

८. <u>सन्धि पश्चातदर्शी नहुने</u>: सन्धिमा अन्यथा व्यवस्था भएकोमा बाहेक सन्धिलाई पश्चातदर्शी प्रभाव दिने गरी लागू गरिने छैन ।

९. <u>सन्धि व्यवस्था कानून सरह लागू हुने</u>: (१) संसदबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुनेछ ।

(२) संसदबाट अनुमोदन, स्वीकृति वा समर्थन नभएको वा सम्मिलनको स्वीकृति नपाएको तर नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएको कुनै सन्धिबाट नेपाल अधिराज्य वा श्री ५ को सरकार उपर कुनै थप दायित्व वा भार पर्न जाने र त्यसको कार्यान्वयनको लागि कानूनी व्यवस्था गर्नु पर्ने रहेछ भने त्यस्तो सन्धि कार्यान्वयनको लागि श्री ५ को सरकारले यथासम्भव चाँडो कानून बनाउने कारवाही चलाउनु पर्दछ ।

१०. <u>प्रतिनिधि सभा समक्ष पेश गर्नु पर्ने</u>: दफा ६ बमोजिम श्री ५ को सरकारले स्वीकार गरी लागू गरेका सन्धिहरुको सूचना प्रतिनिधि सभा बसेको एक महीनाभित्र जानकारीको लागि प्रतिनिधि सभामा पेश गर्नु पर्नेछ ।

११. <u>सन्धि दर्ता गर्ने</u>: नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएका सन्धिहरु मध्ये श्री ५ को सरकारले उपयुक्त ठहराएका सन्धिहरु सम्बन्धित अन्तर्राष्ट्रिय सङ्गठन वा संयुक्त राष्ट्र संघको सचिवालयमा दर्ता गराउन सक्नेछ ।

१२. <u>सन्धि प्रकाशन गर्नु पर्ने</u>: नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएका सन्धिहरु मध्ये श्री ५ को सरकारले उचित ठहराएका सन्धिहरुको प्रामाणिक प्रति नेपाल राजपत्रमा प्रकाशित गरिनेछ ।

तर संसदबाट अनुमोदन, स्वीकृति वा समर्थन भएका सन्धिहरु र संसदको निर्णय बमोजिम नेपाल अधिराज्य वा श्री ५ को सरकार सम्मिलित भएका सन्धिहरु त्यसरी अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भएको मितिले साठी दिन भित्र अनिवार्य रुपले नेपाल राजपत्रमा प्रकाशित गर्नु पर्नेछ ।"

५. नेपालले अनुमोदन वा सम्मिलन गरेका मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय सन्धि-सम्झौताहरुको सूची

संयुक्त राष्ट्र संघको सदस्य भएको नाताले नेपालले मानव अधिकारको विश्वव्यापी घोषणा (१९४८) लाई वाध्यात्मक रुपमा मान्नु पर्दछ । उक्त घोषणापत्र लागू भएदेखि यता बनेका मानव अधिकारसम्बन्धी निम्नलिखित सन्धि-सम्झौताहरुलाई पनि नेपालले स्वीकार गरिसकेको छ । ती यस प्रकार छन्:

(१) नागरिक तथा राजनीतिक अधिकारहरुको अन्तर्राष्ट्रिय अनुबन्ध
(२) नागरिक तथा राजनीतिक अधिकारहरुको अन्तर्राष्ट्रिय अनुबन्धको पहिलो ऐच्छिक प्रलेख
(३) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको अन्तर्राष्ट्रिय अनुबन्ध
(४) सबै प्रकारका वर्णभेद उन्मूलनको अन्तर्राष्ट्रिय महासन्धि
(५) रंगभेदसम्बन्धी अपराधको दमन तथा दण्डको अन्तर्राष्ट्रिय महासन्धि
(६) बाल अधिकारसम्बन्धी महासन्धि
(७) महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनको महासन्धि
(८) यातना तथा अन्य निर्मम, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि
(९) महिलाका राजनीतिक अधिकारहरुसमम्बन्धी महासन्धि

(१०) सन् १९२६ को दासत्वसम्बन्धी महासन्धि
(११) सन् १९२६ को दासत्वसम्बन्धी संशोधित महासन्धि
(१२) दासत्व, दास प्रथा तथा दासत्वरुपी संस्था र व्यवहारहरुको उन्मूलनसम्बन्धी महासन्धि
(१३) खेलकूदमा रंगभेद विरुद्धको महासन्धि
(१४) आमहत्यासम्बन्धी अपराधको निर्मूलन र दण्डको महासन्धि

नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय श्रम संगठन अन्तर्गतका महासन्धिहरु

(१५) उद्योगमा साप्ताहिक विश्रामसम्बन्धी महासन्धि, १९२१ (नं. १४
(१६) समान पारीश्रमिकसम्बन्धी महासन्धि, १९५१ (नं. १००)
(१७) रोजगारी र व्यवसायमा भेदभावसम्बन्धी महासन्धि, १९५८ (नं
१११)
(१८) न्यूनतम् ज्यालादर निर्धारण गर्नेसम्बन्धी महासन्धि, १९७० (नं
१३१)

नेपालले छिट्टै अनुमोदन गर्नु पर्ने अन्य केही महत्वपूर्ण सन्धि-सम्झौताहरु

(१) शरणार्थीसम्बन्धी महासन्धि तथा त्यसको ऐच्छिक प्रलेख
(२) मृत्युदण्डको उन्मूलन गर्नेसम्बन्धी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको दोश्रो ऐच्छिक प्रलेख
(३) प्रवासी कामदार तथा तिनका परिवारहरुको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि
(४) देह व्यापार तथा बेश्याबृत्तिको उन्मूलनसम्बन्धी महासन्धि ।

यस्ता सन्धि-सम्झौताहरु अरु पनि धेरै छन् ।